# थाक्रे गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

(अन्तिम प्रतिवेदन)


**गाउँ कार्यपालिकाको कार्यालय**

महादेवबेंसी, धादिङ, वाग्मती प्रदेश


२०७७

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *थाक्रे गाउँपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **सहयोग :** | *भूकम्प पश्चातको पुनःनिर्माणको लागि बेलायत सरकारको सहयोग (पुर्णिमा)* |
| **परामर्शदाता :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि., काठमाडौं* |
| **मिति :** | *२०७७* |


**कृतज्ञता ज्ञापन**

*थाक्रे गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री रामकुमार आचार्य, उपाध्यक्ष श्री अम्बिका रुपाखेती, प्रमुख प्रशासकीय अधिकृत श्री शेषकान्त पौडेल तथा कार्यपालिका सदस्यहरू, पूर्णिमा परियोजनाको विज्ञ समूह, गाउँपालिकाका कर्मचारीहरू लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

***एस.डि.आई.सि. परिवार***

# विषय सूची


*परिच्छेद - एक : परिचय* १

१.१ पृष्ठभूमि १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य १

१.३ कार्यक्रमको विषय क्षेत्र २

१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया २

१.५ अध्ययनको सीमा ४

*परिच्छेद - दुई : गाउँपालिकाको संक्षिप्त परिचय* ६

२.१ प्रशासनिक विभाजन र मुख्य वस्तीहरू ६

२.२ भौगोलिक तथा प्राकृतिक अवस्था ६

२.३ जनसांख्यिक अवस्था ७

२.४ सांस्कृतिक अवस्था ८

२.५ आर्थिक अवस्था ८

२.६ गाउँपालिकाको मानवीय संशाधन ९

*परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता* ११

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ११

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था १४

३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण १६

*परिच्छेद - चार : राजश्व नीति, संयन्त्र तथा आय संकलनको अवस्था* २४

४.१ राजस्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र २४

४.२ विगतको आय परिचालनको अवस्था २५

४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता २६

४.४ राजस्व परिचालनमा रहेका सवालहरु २७

*परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना* २९

५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना २९

*परिच्छेद - छ : आगामी तीन वर्षको आय प्रक्षेपण* ३४

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ३४

६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ३६

*परिच्छेद - सात : निष्कर्ष तथा सुझाव* ३९

७.१ निष्कर्ष तथा सुझाव ३९

*अनुसूचीहरु* *४१*
अनुसूची १ : सन्दर्भ सामग्रीहरु ४२
अनुसूची २ : तथ्यांकरसूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम ४३
अनुसूची ३ : अन्तिम कार्यशाला गोष्ठीमा सहभागीहरूको नामावली ४७
अनुसूची ४ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा ४८
अनुसूची ५ : आ.व. २०७७०७८ का लागि आर्थिक विधेयक मस्यौदा नमूनाको रूपमा ४९

# परिच्छेद - एक : परिचय

## १.१ पृष्ठभूमि

राजस्वसम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनका लागि बाग्मती प्रदेश अन्तर्गत धादिङ जिल्लाको थाके गाउँपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन तयार गरेको छ। दातृ तथा विज्ञ संस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा गाउँपालिकाले तयार गरेको यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्नुका अतिरिक्त गाउँपालिकाको आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ। यस प्रतिवेदनमा निम्न विषयवस्तुलाई समेटिएको छ :

- अध्ययन कार्यक्रमको परिचय
- गाउँपालिकाको संक्षिप्त जानाकारी
- स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
- राजस्व नीति, संयन्त्र तथा आय संकलनको अवस्था
- राजस्व सुधार कार्ययोजना
- आगामी ३ वर्षको राजस्व प्रक्षेपण
- निष्कर्ष तथा सुझाव
- अनुसूचीहरु (आगामी आ.व.का लागि आर्थिक ऐनको मस्यौदा सहित)

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह लाग्ने सम्भावना रहन्छ। यस परिप्रेक्ष्यमा स्थानीय सरकारहरुले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुनजान्छ।

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ। स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ। यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँट बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ। साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय तहका सरकारहरुले ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न नसकिरहेको स्थिति छ। यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा

तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रक्रियामा सुधारका लागि गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्न गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकार पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुने हुँदा गाउँपालिकाले प्राथमिकताप्राप्त आयोजनाहरुको आकार आँकलन गर्न सहज हुनेछ ।

## १.३ कार्यक्रमको विषय क्षेत्र

यस कार्यक्रमले देहाय अनुसारका क्षेत्रहरु समेटेको छः

- गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिकाका पदाधिकारीहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, गाउँपालिकाका शाखा तथा उपशाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- गाउँपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारका लागि सुझाव प्रदान गर्ने ।

## १.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

उल्लिखित कार्यका लागि सम्बन्धित सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

### *१.४.२ तथ्यांक–सूचना संकलन फाराम तथा सूची विकास*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषणपश्चात् परामर्शदाताहरूबाट तथ्यांक र सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.४.३ प्रारम्भिक अभिमुखीकरण तथा कार्ययोजना सम्बन्धी छलफल*

राजश्व सुधार कार्ययोजना तर्जुमाको लागि परामर्शदाताको टोलीले २०७७ जेठ ०९ गते थाक्रे गाँउपालिकाको जनप्रतिनिधि तथा अधिकृत कर्मचारीहरुलाई कार्ययोजना तर्जुमाको आवश्यकता र विधि प्रक्रिया सम्वन्धमा प्रारम्भीक अभिमुखीकरण गर्नुका साथै कार्ययोजनामा समेटिने क्रियाकलापहरुको बारेमा छलफल गरेको थियो । कोभिड १९ को संक्रमण जोखिमले गर्दा गाउँपालिका कार्यालयमा नै उपस्थित भई कार्यक्रम सञ्चालन गर्न असम्भव रहेकोले अनलाइन विधिबाट यो कार्यक्रम सञ्चालन गरिएको थियो । गाउँपालिका अध्यक्ष श्री रामकुमार आचार्यको अध्यक्षतामा आयोजना गरिएको कार्यक्रममा उपाध्यक्ष श्री अम्बिका रुपाखेती, प्रमुख प्रशासकीय अधिकृत श्री शेषकान्त पौडेल लगायत लेखा, राजश्व र योजना शाखाबाट कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा परामर्शदाताको तर्फबाट सहजकर्ता विमल पोखरेलले स्थानीय तहको राजश्व अधिकारका सैद्धान्तिक तथा कानुनी पक्षहरुको प्रस्तुती गर्नुभएको थियो भने सहभागीहरुले राख्नुभएका जिज्ञासा उपर छलफल भएको थियो ।

सोहीक्रममा गाँउपालिकाका आन्तरिक आयका मुख्य स्रोतहरु, तिनको सम्भाव्यता तथा हालको परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षहरुमा समेत बुंदागत रुपमा छलफल भएको थियो । कार्यक्रमको अन्त्यमा राजश्व सुधार कार्ययोजनाको लागि कर राजश्व, गैरकर राजश्व र राजश्व प्रशासन सुधारका लागि प्रस्तावित क्रियाकलापहरु बारे छलफल गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा पूर्णिमा परियोजनाको तर्फबाट योजना सल्लाहकार गणेश जोशी तथा गाउँपालिका उपाध्यक्ष अम्बिका रुपाखेतीले आफ्नो धारणा राख्नु भएको थियो भने गाउँपालिका अध्यक्ष श्री रामकुमार आचार्यले यसप्रकारको अनलाइन छलफल कार्यक्रम प्रभावकारी रहेको तथा गाउँपालिकाको आन्तरिक आय सुधारमा यो अध्ययनले महत्वपूर्ण योगदान गर्ने धारणा राख्दै छलफल कार्यक्रमको समापन गर्नुभएको थियो ।

### *१.४.४ तथ्यांक तथा सूचना संकलन*

अध्ययनका क्रममा परामर्शदाताद्वारा विभिन्न विधिहरुको प्रयोग बाट आवश्यक तथ्यांक तथा सूचनाहरू संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरियो :

- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### *१.४.५ मस्यौदा कार्ययोजना (प्रतिवेदन) तयारी*

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### १.४.६ मस्यौदा कार्ययोजना (प्रतिवेदन) सम्बन्धीत पक्ष समक्ष पेश

मस्यौदा प्रतिवेदन कार्यक्रमका मूख्य सरोकारवालापक्षहरू गाउँपालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको थियो । यस क्रममा गाउँपालिकाका सम्बन्धित शाखा लगायत अन्य सम्बद्धपक्षहरुलाई समेत मस्यौदा प्रतिवेदन उपलब्ध गराई आवश्यक सल्लाह तथा सुझावहरु संकलन गरिएको थियो ।

### १.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना

थाक्रे गाउँपालिकाको आयोजनामा २०७७ साल श्रावण ०५ गते मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सो उपर सुझाव संकलनको लागि एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी गाँउपालिका अध्यक्ष श्री रामकुमार आचार्यको अध्यक्षतामा सञ्चालन भएको थियो । गोष्ठीमा गाँउपालिकाका उपाध्यक्ष तथा राजश्व परामर्श समितिका संयोजक श्री अम्बिका रुपाखेती तथा प्रमुख प्रशासकीय अधिकृत श्री शेषकान्त पौडेलको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा परामर्शदातृ संस्थाको तर्फवाट दामोदर गिरी र विमल पोखरेलले शिर्षकगत रुपमा मस्यौदा प्रतिवेदन पेश गरी सो उपर प्राप्त सुझावहरु टिपोट गरिएको थियो । सोही क्रममा राजश्व परामर्श समितिका पदाधिकारीहरुसँग छलफल गरी गाउँपालिकाको अर्थ विधेयक तर्जुमाका विविध पक्षहरु बारे छलफल गर्नुका साथै राजश्व परामर्श समितिको प्रभावकारी परिचालनका उपायहरु माथि अन्तरक्रिया गरिएको थियो । अन्त्यमा कार्यक्रमका अध्यक्ष श्री रामकुमार आचार्यले सहभागी सबैलाई धन्यवाद दिदै कार्यक्रमको समापन गर्नु भएको थियो । कार्यक्रममा सहभागीहरुको नामावली अनुसूची मा दिइएको छ । कार्यक्रममा जम्मा २५ जनाको उपस्थिति रहेको थियो ।

### १.४.८ प्रतिवेदनको अन्तिम रुप

गाउँपालिकाका राजस्वसंग सम्बन्धीत मूख्य सरोकारवालापक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहरू प्रदान गुर्नभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहरू प्राप्त भएको थियो । यसरी प्राप्त सार्न्दभिक सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यो अन्तिम अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

## १.५ अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- विश्वब्यापी महामारी कोभिड १९ को संक्रमणका कारण गाउँपालिकामा ब्यवस्थित छलफल र अभिमुखीकरण तथा स्थलगत अवलोकनमा वाधा परेको छ । यसले गर्दा गाउँपालिका जनप्रतिनिधि र कर्मचारीहरुसँग विस्तृत अन्तरक्रिया हुन नसकी टेलफिोन, इमेल र अन्य विद्युतीय माध्यमलाई प्राथमिकतामा राखिएको छ ।

- अध्ययन तथा विश्लेषण कार्यमा गाउँपालिका कार्यालयको अभिलेख, आवधिक प्रगति प्रतिवेदनहरु तथा द्वितीय स्रोतहरूबाट प्राप्त सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू प्राप्त गर्न कठिन भएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद - दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ। यसले गाउँपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गरेको छ।

## २.१ प्रशासनिक विभाजन र मुख्य वस्तीहरू

थाक्रे गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार वाग्मती प्रदेश अन्तरगत धादिङ जिल्लाका १३ स्थानीय तहहरू मध्ये एक पर्दछ। नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका गा.वि.स.हरू भुमेस्थान, तसर्पु, थाक्रे, केवलपुर र गोगनपानीका ४ वटा वडा समेटर ११ वटा वडाहरू कायम गरिएको हो। हाल थाक्रे गाउँपलिकाको संरचना यसप्रकार रहेको छ।

गाउँपालिकाको प्रशासनिक विभाजन तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १ : वडा विभाजन सम्बन्धी विवरण**

| वडा नं. | वडा कार्यालय रहेको स्थान | साविकको वडाहरु | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|
| १ | भूमेस्थान | ८,९ | १०.१६ |
| २ | भूमेस्थान | ४,६,७ | ९.६७ |
| ३ | भूमेस्थान | १,२,३,५ | १९.०७ |
| ४ | तसर्पु | १,२,३,४,८ | ८.१२ |
| ५ | तसर्पु | ५,६,७,९ | ९.१३ |
| ६ | थाक्रे | ३ | ३.१२ |
| ७ | थाक्रे | ४,५,६,७,८ | ९.१३ |
| ८ | थाक्रे | १,२,९ | ७.५७ |
| ९ | केवलपुर | १,२,८,९ | ५.६० |
| १० | केवलपुर | ३,४,५,६,७ | ११.३८ |
| ११ | गोगनपानी | ५,६,७,८ | १०.११ |
| | | | १०२.७१ |

*स्रोत: वस्तुगत विवरण, थाक्रे गाउँपालिका, २०७६*

## २.२ भौगोलिक तथा प्राकृतिक अवस्था

थाक्रे गाउँपालिका भौगोलिक हिसाबले ८४°५९'४७" देखि ८५°८'३४" पूर्व देशान्तरसम्म र २७°४१'२७" देखि २७°४७'३" उत्तरी अक्षांश सम्म फैलिएर प्राकृतिक मनोरम संरचना सहित होचो भू-भागदेखि मध्य पहाडी क्षेत्रमा अवस्थित छ। यो गाउँपालिकामा समुद्रि सतहबाट ४९० मि. देखि २२०० मि. को उचाई सम्मको विविधता रहेको छ। १०२.७१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा धुनिबेशी नगरपालिका, पश्चिममा गल्छी गा.पा., उत्तरमा गल्छी गा.पा. र नुवाकोट जिल्ला र दक्षिणमा मकवानपुर जिल्ला रहेका छन्। पहाडी क्षेत्रमा पर्ने गाउँपालिकाको केही भागमा खेतियोग्य उर्वर जमिनले ओगटेको भएपनि अधिकांश भाग पहाडले ओगटेको छ। जल, जंगल, जमिन, जनावर र जडिबुटिले भरिपूर्ण यस गाउँपालिकामा सानाठूला गरी धेरै खोला, खोल्सा तथा नदीहरू रहेका छन्।

यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ४९.१ प्रतिशत अर्थात सबैभन्दा धेरै वन क्षेत्रले ओगटेको छ भने दोश्रोमा ४१.४ प्रतिशतमा खेतीयोग्य जमिन रहेको छ। कुनैपनि स्थानको समग्र भू-आवरण मध्ये ४०

प्रतिशत भन्दा बढी वन क्षेत्र हुनु वातावरणीय सन्तुलनका हिसाबले सुखद विषय हो । यहाँको झाडी, बुट्यान तथा खेर गैरहेको भू-भागले कुल ४.८४ प्रतिशत ओगटेको छ । घर तथा भवन वस्तीले १.६१ प्रतिशत ओगटेको छ भने बालुवा र बगर क्षेत्रले १.७६ प्रतिशत ओगटेको छ ।

थाक्रे गाउँपालिकाको भू-उपयोग सम्वन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. २ : गाउँपालिकाको भूउपयोग सम्वन्धी विवरण

| भू उपयोग | क्षेत्रफल (वर्ग कि.मी.) | अनुपात |
|---|---|---|
| घर तथा वस्तीले ओगटेको | १.६५ | १.६१ |
| झाडी, बुट्यान र पहरा क्षेत्र | ५.५६ | ५.४२ |
| खेतीयोग्य जमीन | ४२.५२ | ४१.४ |
| वन जंगल | ५०.४७ | ४९.५२ |
| बालुवा तथा बगर क्षेत्र | १.८१ | १.७६ |
| जलाधार क्षेत्र | ०.३१ | ०.३० |
| **जम्मा** | **१०२.७१** | **१००** |

*स्रोतः वस्तुगत विवरण, थाक्रे गाउँपालिका, २०७६*

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदीनाला तथा खोलाहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ । यहाँ पानीका मुख्य स्रोतहरुमा महेश खोला, आगरा खोला, बान्द्रे खोला, सुगुरे खोला, फेदी खोला, जुँगे खोला, सोप्याङ खोला, कोल्पु खोला मुख्य रहेका छन् ।

वडा नं. ६ मा पर्ने रानी झरना जुन क्यानोनिङको लागि उपयुक्त ठाउँ पनि रहेको छ । यसैगरी केही सिमसार क्षेत्र पनि रहेका छन् । तर पहिले जस्तो पर्याप्त मात्रामा पानीको मुल फुट्ने सिमसार क्षेत्रहरू लोप हुँदै गएका छन् ।

जलवायु परिवर्तनको असर तथा २०७२ सालको भुकम्पपछि धेरैजसो पानीका मुलहरु क्रमशः सुक्दै गए । हाल गाउँपालिकामा पानी रहेको झोरा र पोखरीहरू नगन्य मात्रामा छन् । वडाको पहलमा कृत्रिम तरिकाबाट साविकका परम्परागत पोखरीमा पानी जमाउने जमर्को गरिएको छ । यस्तो अवस्थामा पानी जोगाउन जैविक प्रविधिको प्रयोग आवश्यक देखिन्छ । हाल गाउँपालिकाको 'सय गन्तव्यमा एउटा गन्तव्य' को प्रभावले पोखरी बचाउ अभियानलाई टेवा दिइरहेको छ ।

## २.३ जनसांख्यिक अवस्था

यस गाउँपालिकामा वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं २ मा रहेको छ जसमा जम्मा जनसंख्या ४,१३५ (पुरुष २०१४ जना र महिला २१२१ जना) रहेका छन् भने घरधुरी संख्या ९९५ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ९ रहेको छ जसको जनसंख्या १,९४६ (पुरुष ९६१ जना, महिला ९८४ जना) रहेका छन् भने घरधुरी संख्या ४५९ रहेको छ । सबैभन्दा बढी जनघनत्व वडा नं ६ मा ९४१ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ भने सबैभन्दा कम जनघनत्व वडा नं ३ मा १६२ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ ।

यससम्बन्धी थप विवरण देहायअनुसार रहेका छ :

**तालिका नं. २ : वडागत जनसंख्या तथा घरधुरी**

| वडा नं. | पुरुष | महिला | जम्मा | घरधुरी | जनघनत्व |
|---|---|---|---|---|---|
| १ | १३०७ | १३४३ | २६५० | ५८७ | २६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २०१४ | २१२१ | ४१३५ | ९९५ | ४२८ |
| ३ | १५३४ | १५५३ | ३०८९ | ७५५ | १६२ |
| ४ | ११३६ | ११२५ | २२६१ | ५७२ | २७८ |
| ५ | १०८७ | ११७२ | २२५९ | ४९५ | २५८ |
| ६ | १४५८ | १४७९ | २९३७ | ७५१ | ९४१ |
| ७ | १६९९ | १७६२ | ३४६१ | ८५४ | ३७९ |
| ८ | १२४४ | १४०४ | २६४८ | ६५० | ३५० |
| ९ | ९६१ | ९८४ | १९४६ | ४५९ | ३४८ |
| १० | १०१६ | ११०० | २११६ | ६५२ | १८६ |
| ११ | ११०२ | ११२३ | २२२५ | ५४६ | २२० |
| जम्मा | १४५५८ | १५१६६ | २९७२७ | ७३१६ | २८९ |

*स्रोत: वस्तुगत विवरण, थाक्रे गाउँपालिका २०७६*

## २.४ सांस्कृतिक अवस्था

हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता रहेको यस गाउँपालिकामा अपनाइने प्रमुख संस्कार कुलपुजा, ब्रतबन्ध, विवाह, काजकृया, न्वारन, तिथी श्राद्ध, सोह्रश्राद्ध औंशि, पूर्णीमा, सक्रान्ति, एकाह, होमहोमादी, यज्ञ, सप्ताह, रुद्रीपाठ आदि रहेका छन् । परम्परागत चाडपर्वहरुमा बैशाखी पूर्णिमा, ल्होसार, उधौली, उभौली, बुद्ध पूर्णिमा, असार १५ मा दही चिउरा,साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैं, तिहार, देउसी, माघे संक्रान्ति, फागु पूर्णिमा ( होली), रामनवमी, ठूलो एकादशी, नेवार समुदायको सठी, म्ह पुजा आदि विशेष हुन् ।

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । यहाँको परम्परागत भेषभूषालाई हेर्दा महिलाले साडी, चोलो तथा पुरुषले धोती, कुर्ता, कमिज लगाउँछन् । क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने तामाङहरूले चौबन्दी चोलो, लुङ्गी, कम्मरमा पटुकी बाँध्ने गर्दछन् । गाउँपालिका भित्र रहेका नेवार, तामाङ, मगर, चेपाङ, राई, गुरुङ्ग आदिको रहनसहन र संस्कृति गहनाको रुपमा रहेको छ ।

## २.५ आर्थिक अवस्था

थाक्रे गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत परम्परागत तथा आधुनिक कृषि, जडिबुटी, पर्यटन, पशुपालन तथा साना तथा मझौला उद्योगहरू विकासको सम्भाव्यताका क्षेत्रको रुपमा रहेका छन् ।

समग्रमा यस गाउँपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् । कृषिजन्य सीप तथा व्यवसायीकरणको प्रवर्द्धन, प्रविधि हस्तान्तरणको साथै आवश्यक उपकरण, बिऊ, मल, कर्जाको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्दि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । साथै गाउँपालिकाको सन्नीकट रहेको काठमाडौंको ठुलो उपभोक्ता बजारसम्म यहाँका उत्पादनहरू पुऱ्याउन सके गाउँपालिकाको आर्थिक विकासको ठूलो योगदान हुनेछ । गाउँपालिकामा रहेको परम्परागत कूलोहरूको मर्मतसम्भार गरी माटोको उर्वराशक्ति बढाउन सकिन्छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न

सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र/ कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस गाउँपालिकामा गहनाको रुपमा पानीढुंगा पार्क निर्माणस्थल, भुमेचुली, भुमी वागेश्वरी मन्दिरबाट दृश्यावलोकन गर्न सकिने, चौकीडाँडाबाट चौध जिल्लाका साथै लाङटाङ, गणेश, अन्नपूर्ण, माछापुच्छ्रे देखि सगरमाथाको चुचुरो समेत अवलोकन गर्न सकिने स्थलहरू छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ । व्यवसायिक रुपमा सञ्चालित क्रसर उद्योगका कारण ढुंगा र बालुवा खानी प्रमुख छन् । गाउँपालिकाका उच्च भागहरूमा खरीढुंगा तथा चुनढुंगा पनि प्रशस्त पाइन्छ । यस गाउँपालिकामा वसोवास गर्ने परिवारहरुको पेशागत विविधतालाई तलको तालिकाले थप प्रष्ट पार्दछ:

| आम्दानीका स्रोतहरु | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| कृषि, पशुपालन, माछापालन, मौरीपालन | ५४६७ | ७५ |
| उद्योगधन्दा सञ्चालन | ७३ | १ |
| ब्यापार ब्यवसाय | ११३४ | १५.५ |
| नोकरी | १४८५ | २०.३ |
| पेन्सन | ७२ | १ |
| घर तथा जग्गाको भाडा | २२० | ३ |
| सवारी साधन, मेसीन उपकरण भाडा | ३७९ | ५.१८ |
| ब्याज तथा लाभांश | ६ | ०.१ |
| विप्रेषण (वैदेशीक) | ५१६ | ७ |
| विप्रेषण (आन्तरिक) | २७२ | ३.७२ |
| दैनिक ज्यालादारी | १६९६ | २३.१८ |
| अन्य | २८६ | ३.९ |
| **जम्मा** | **७३१६** | **१००** |

थाक्रे गाउँपालिकामा सवैभन्दा धेरै ७५ प्रतिशत परिवार कृषि र यससँग सम्वन्धित पेशाबाट प्राप्त आम्दानीमा बाँचिरहेको देखिन्छ । यसैगरी दोस्रोमा दैनिक ज्यालादारीमा आश्रित परिवार देखिन्छ भने त्यसपछि जागिरबाट प्राप्त आम्दानीमा आश्रित परिवार २० प्रतिशत भन्दा ज्यादा छ । वैदेशीक रोजगारीको कमाईले बाँच्ने परिवारहरुको संख्या ७ प्रतिशत देखिएको छ ज'न नेपालको औषत योगदानमा न्यून हो ।

## २.६ गाउँपालिकाको मानवीय संशाधन

नवगठित गाउँपालिकाको पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन भएको छ । यस गाउँपालिकामा रहेका ११ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा ५९ जना गाउँसभा सदस्यहरु रहेका छन् ।

कार्यपालिकामा दैनिक शासन प्रशासन तथा विकास कार्य सञ्चालनका लागि १ प्रमुख प्रशासकीय अधिकृत, १० जना विषयगत अधिकृतहरु, ११ जना सहायक पाचौं तहका कर्मचारीहरु र अन्य १० जना सहायकस्तरका प्रशसनिक तथा प्राविधिक जनशक्ति रहेका छन् । यसमा वडा कार्यालय मातहत रहेका अन्य कर्मचारीहरु तथा स्वास्थ्य संस्थाहरुको जनशक्तिलाई गणना गरिएको छैन ।

**तालिका नं. ४: गाउँपालिकामा कार्यरत कर्मचारीको संख्या**

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ |
| २ | लेखा अधिकृत | १ |

| क.सं. | पद | संख्या |
|---|---|---|
| ३ | अधिकृत (छैटौं) | २ |
| ४ | शिक्षा अधिकृत | १ |
| ५ | इन्जिनियर | २ |
| ६ | सुचना प्रविधि अधिकृत | १ |
| ७ | स्वास्थ्य संयोजक | १ |
| ८ | रोजगार संयोजक | १ |
| ९ | कानुन अधिकृत | १ |
| १० | लेखापाल | २ |
| ११ | पशु विकास प्राविधिक | २ |
| १२ | नायव सुब्बा | २ |
| १३ | महिला विकास निरिक्षक | १ |
| १४ | ओभरसियर | २ |
| १५ | कानुन सहजकर्ता | १ |
| १६ | मनोपरामर्शकर्ता | १ |
| १७ | वडा सचिव | ६ |
| १८ | कम्प्युटर अपरेटर | १ |
| १९ | खा.पा.स.टे | १ |
| २० | प्राविधिक सहायक | १ |
| २१ | हलुका सवारी चालक | १ |
| २२ | कार्यालय सहयोगी | ६ |
| कुल | | |

# परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमीकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरञ्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा गाउँपालिकाको एकल अधिकार:**

**अ) कर**

- सम्पत्ति कर: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित व्यवस्था)*
- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- घर जग्गा बहाल कर: कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी कर: टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु कर: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- बहाल बिटौरी शुल्क: आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर:
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग*
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित ब्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने*
- *आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व बाँडफाँट**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदान: खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदान: कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान: पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदान: कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (सवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

**तालिका नं. ५: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| क. | करतर्फ | | | |
| १ | भूमि कर (मालपोत) | ✓ | ✓ | ✓ |
| २ | सम्पत्ति कर | ✓ | ✓ | ✓ |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | ✓ (न्यून) | ✓ | |
| ४ | घर जग्गा बहाल कर | ✓ | ✓ | ✓ |

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| ५ | व्यवसाय कर | ✓ | ✓ | ✓ |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | ✓ | ✓ | |
| ७ | विज्ञापन कर | ✓ | ✓ | ✓ |
| **ख.** | **गैरकरतर्फ** | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | ✓ | ✓ | ✓ |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | ✓ | ✓ | ✓ |
| ३ | नक्सापास दस्तुर | ✓ | ✓ | ✓ |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | ✓ | ✓ | ✓ |
| ५ | बहाल विटौरी शुल्क | ✓ | ✓ | |
| ६ | पार्किङ्ग शुल्क | ✓ | ✓ | |
| ७ | सम्पत्तिको बहालबाट आय | ✓ | | |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | ✓ | | |
| १० | स्थानीय खानेपानी महसुल | ✓ | | |
| १२ | मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | ✓ | ✓ | |
| १३ | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | ✓ | ✓ | ✓ |
| १४ | मूल्यांकन सेवा शुल्क | ✓ | ✓ | ✓ |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | ✓ | ✓ | ✓ |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | ✓ | | |
| १७ | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | ✓ | ✓ | ✓ |
| १८ | दण्ड जरिवाना | ✓ | | |

गाउँपालिकामा उल्लेखित मध्ये करका शीर्षकतर्फ मालपोत र सम्पत्ति कर दुबै संकलन भएको देखिन्छ। घरजग्गा वहाल करतर्फ न्यून असुली देखिएको छ। जडीबुटी, कवाडी र जीवजन्तु कर तथा मनोरञ्जन कर सम्भावना न्यून रहेको छ। सवारी करको सम्भावना भएर दर निर्धारण गरिएको भएपनि संकलन भएको देखिँदैन। चालु आर्थिक वर्षका लागि केही अनुमान गरिएको छ।

त्यसैगरि गैरकरतर्फ समग्रमा जम्मा १८ वटा शीर्षकहरूमध्ये हाल ८ वटा शीर्षकहरुबाट मात्र संकलन भइरहेको छ तथापि राजस्व प्रशासन सुधार गरी १५ वटा शीर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ। बहाल बिटौरीका लागि पृथ्वी राजमार्ग क्षेत्रमा सम्भावना देखिन्छ तर हाल यसतर्फ प्रयास भएको छैन। सरकारी सम्पत्ति (जेसीबी, प्रोजेक्टर) को बहाल लगाउन सकिने भएपनि हालसम्म सो शिर्षकबाट आय संकलन भएको छैन। अन्य शीर्षकका हकमा पनि सम्भावना छ तर असुली शुरु भएको छैन।

## ३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### *३.३.१ कर राजस्व*

### क. सम्पत्ति कर

**हालको अवस्था:**
गाउँपालिकाको आ.व. २०७६।७७ को आर्थिक ऐनको दफा २ मा "गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत/सम्पत्ति कर घरजग्गा घर लगाइने र असुल उपर गरिने व्यहोरा उल्लेख गरिएको छ र अनुसूचीमा समेत ११ वटा क्याटेगोरीमा दर निर्धारण गरिएको छ। गाउँपालिकाद्वारा उपलब्ध गराइएको आन्तरिक आय विवरणमा आ.व. २०७५/७६ मा समेत सम्पत्ति करबाट रु. ५ लाख आय भएको तथ्य उल्लेख गरिएको छ तर गाउँपालिकाका पदाधिकारीहरुसँगको छलफलमा सो अवस्था पाइएन। आगामी आर्थिक वर्षदेखि असुल गर्ने तयारी भएको हाललाई दर निर्धारण गरिए पनि संकलन नगरिएको जानकारी प्राप्त भएको छ। गाउँपालिकाले हालसम्म सम्पत्ति कर संकलनलाई कार्यान्वयनमा ल्याएको छैन।

**संभाव्यता:**
गाउँपालिकाको प्रकाशोन्मुख वस्तुस्थिति विवरणअनुसार यहाँ कुल ७३१६ घरधुरी रहेका छन्। विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा गाउँपालिकामा आफ्नै स्वामित्वको जग्गामा घर भएका कुल ७०६४ घरधुरीलाई सम्पत्ति करको करदाता गणना गर्न सकिन्छ। गाउँ कार्यपालिका कार्यालयमा प्राविधिक जनशक्ति कम रहेको अवस्थामा हरेक घरधुरीको सम्पत्ति गणना गर्नु सहज छैन। तसर्थ गाउँपालिका प्रोफाइलमा उल्लेख भए वमोजिम कुल घरधुरीका स्वामित्वमा भएका घरहरुलाई पक्की, अर्धपक्की, कच्ची र झुप्रा घर गरी चार समूहमा वर्गीकरण गरेर करयोग्य सम्पत्तिको रुपमा उल्लेख गर्न सकिन्छ। यसप्रकार यी चार किसिमका घरहरुलाई गाउँपालिकाको आर्थिक ऐनमा उल्लेखित दर अनुसारलाई औसत मानेर क्रमश: वार्षिक प्रतिघर पक्कीको लागि रु. २५००, अर्ध पक्कीको लागि रु. १२००, कच्चीको लागि र रु. ५०० र टहरा, झुप्रोका लागि रु. २०० का दरले सम्पत्ति कर निर्धारण गर्न प्रस्ताव गरिएको छ। यसअनुसार हुन आउने सम्पत्ति करको गणना निम्नअनुसार रहेको छ :

**तालिका नं. ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर**

| करदाता सम्बन्धी विवरण | करदाता संख्या | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कुल आय (रु.) |
|---|---|---|---|
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | ३००० | २००० | ६०००००० |
| अर्धपक्की (ढुंगा,माटो/खर/टायल/टिनको छानो) घर भएका करदाता | २००० | १००० | २०००००० |
| कच्ची (फुस/खरले_छाएको २ तल्ला सम्म घर भएका करदाता | १००० | ५०० | ५००००० |
| टहरा वा झुप्रो घर भएका करदाता | १००० | २०० | २००००० |
| **जम्मा** | ७००० | | ८७००००० |

**सुधारका पक्षहरू:**
सम्पत्ति कर कार्यान्वयनका लागि गाउँपालिकाले गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- आर्थिक ऐनमा उल्लेखित करको दर सामान्य परिमार्जन गर्ने।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरुका लागि तालिम संचालन गर्ने।

- सम्पत्ति कर सम्बन्धी आमजनताहरुलाई विभिन्न माध्यमबाट सूचित गर्ने ।
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी गाउँपालिका कार्यालय तथा सबै वडामा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।

## ख मालपोत वा भूमि कर

**हालको अवस्थाः**

गाउँपालिकाको आ.व. २०७५।७६ को आर्थिक ऐनमा गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा अनुसूची २ मा दिइए वमोजिम भूमिकर लगाई असुल उपर गर्ने उल्लेख गरिएको छ । यस अन्तर्गत अनुसूची मा जग्गाको क्षेत्रफल स्वामित्व अनुसार ३ वटा वर्ग र जग्गाको किसिम अनुसार ४ भागमा बाँडिएको छ । परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरी चार समूहमा वर्गीकरण गरी १० रोपनीभन्दा कम भएकालाई प्रति रोपनी रु. ५ देखि १०, २० रोपनी सम्म भएकालाई रु. १० देखि १५ र सो भन्दा बढी भएकालाई रु. १५ देखि २० सम्म दर तोकिएको छ । आ.व. २०७५।७६ मा यस शीर्षकमा कुल रु. १० लाख ८२ हजार ६ सय संकलन भएको छ । भने चालू आर्थिक वर्षका लागि ११ लाख अनुमान गरिएको छ ।

**संभाव्यताः**

गाउँपालिका प्रोफाइल अनुसार गाउँपालिका क्षेत्रभित्र कुल ५ लाख ६७ हजार ४ सय २४ रोपनी खेतीयोग्य जमीन रहेको छ । सो मध्ये १ लाख ७६ हजार खेत र बाँकी सिंचाई नपुगेको बारी वा पाखो जमीन रहेको छ । उपरोक्त जमीनमा गाउँपालिकाले निर्धारण गरेको जमीनको वर्गिकरण अनुसारको दरमा भूमि कर लगाउँदा कुल जमीनको ७५ प्रतिशत अर्थात ४ लाख २५ हजार ५ सय रोपनीमा मालपोत लगाउन सकिन्छ । यसमा प्रति रोपनीको औसत रु. १० का दरले कुल रु. ४२ लाख ५५ हजार असुल हुन सक्ने सम्भावना रहन्छ । यस वाहेक जमीनको उपयोगीताको आधारमा वर्गिकरण गर्दा पक्की सडकसँग जोडिएका घरधुरी १५ प्रतिशत रहेका र ग्राभेल सडकसँग जोडिएका १० प्रतिशत रहेको हुँदा कुल स्वामित्वको जमीन मध्ये २५ प्रतिशत जमीन आवासीय घडेरी वा व्यवसायीक खेतीमा उपयोग गर्न सकिने देखिएको छ । यसप्रकार कुल जमीनको १५ प्रतिशत अर्थात ८५ हजार रोपनीलाई प्रति रोपनी रु. २५ भूमिकर लगाउँदा रु. २१ लाख २५ हजार संकलन हुनसक्ने देखिन्छ । त्यसैगरी ग्राभेल सडकसँग जोडिएको थप १० प्रतिशत अर्थात ५६ हजार ७ सय रोपनी जमीनमा रु. १५ का दरले भूमिकर लगाउँदा थप रु. ८ लाख ५० हजार ५ सय थप रकम प्राप्त हुन सक्नेछ । यसरी हेर्दा थाक्रे गाउँपालिकामा मालपोत तथा भूमिकर वापत कुल रु. ७२ लाख ३० हजार ५ सय असुल हुने सम्भावना देखिएको छ ।

**सुधारका पक्षहरूः**

यस सम्बन्धमा सुधारका पक्षहरु देहायअनुसार छन् :

- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।
- साविकको दरमा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका र आवासीय घडेरी वा व्यवसायीक उपयोग हुन सक्ने अवस्थाका बढी मूल्य पर्ने जग्गाको यथार्थ लगत तयार पार्ने ।
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी गाउँपालिका कार्यालय तथा सबै वडामा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।

## ग. घरजग्गा वहाल कर

**हालको अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐनले गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल

कर लगाईने र असूल गरिनेछ भन्ने उल्लेख गरेको छ । त्यसैगरी सो ऐनको अनुसूची ३ मा सम्बन्धित धनीबाट १० प्रतिशत वहालकर लिने भनी उल्लेख गरिएको छ । हालसम्म संस्थागत रुपमा बहालमा दिइएका घरहरुबाट मात्र यो कर संकलन गरिएको भन्ने जानकारी गाउँपालिकासँगको छलफलमा प्राप्त भएता पनि अभिलेख अनुसार सो शिर्षकबाट गत आर्थिक वर्षमा कुनै रकम संकलन नभएको र चालू आर्थिक वर्षका लागि रु. ३ लाख सम्म असुल हुने अनुमान गरिएको छ ।

**सम्भाब्यता**

यस गाउँपालिका क्षेत्रमा न्यून घर तथा जग्गा मात्र बहालमा रहेका छन् । गाउँपालिकाको प्रोफाइल अनुसार २९ वटा संस्थागत भवनहरु रहेका छन् भने ४७५ परिवार भाडाको घरमा बसेका छन् । त्यसैगरी २२० परिवारको आम्दानीको मुख्य स्रोत घरजग्गा भाडा रहेको छ भने ७३ वटा उद्योगहरु सञ्चालित रहेकोमा अधिकांश भाडाको जमीनमा रहेका छन् । यसप्रकार हेर्दा थाक्रे गाउँपालिकामा करिब २२० परिबारले भाडा बापत वार्षिक औषत १ लाख ५० हजार आम्दानी गरेका छन् भने त्यसको १० प्रतिशत कर लिंदा ३३ लाख त्यसबाट प्राप्त हुन सक्ने देखिन्छ । त्यसैगरी जग्गा भाडामा लिएर करिब १०० उद्योग व्यवसाय सञ्चालन भएकोमा त्यसबाट वार्षिक औषत १२००० का दरले करिब १२ लाख प्राप्त गर्न सकिन्छ । यसप्रकार थाक्रे गाउँपालिकामा घरजग्गा वहाल कर बापत करिब ४६ लाख सम्म आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

घर जग्गा बहालमा लगाउने वस्ने ब्यक्तिको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।

## घ. व्यवसाय कर

**हालको अवस्था:**

गाउँपालिकाले आर्थिक ऐन मार्फत् व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा १२२ प्रकारका व्यवसाय लगायत उत्पादनमूलक उद्योग र सेवा उद्योगहरुमा व्यवसाय करको दर निर्धारण गरेको छ । सबैभन्दा बढी क्रसर उद्योगका लागि रु. २५०००।- र सबैभन्दा कम स्थानीय बाँसका सामाग्री वेच्ने र ब्यूटी पार्लरहरुलाई रु.५००।- तोकिएको छ भने धेरै व्यवसायको कर औसतमा २०००।- देखि रु. ५०००।- सम्म तोकिएको छ । थाक्रे गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ मा कुल रु. २३ लाख ६० हजार व्यवसाय कर बापत असुल गरेको र सो असुली ब्यवसाय दर्ता सम्वन्धी स्वयंसेवक भर्ना गरेर घुम्ती शिविर चलाएको कारणले सम्भव भएको देखिन्छ । तर गत आर्थिक वर्षमा सो शिर्षकमा गाउँपालिकाले आय प्राप्त गरेको देखिंदैन भने चालू आर्थिक वर्षका लागि करिब रु. २० लाख प्राप्त हुने अनुमान गरिएको देखिन्छ ।

**संभावना:**

गाउँपालिकाको प्रोफाइल अनुसार साना ठूला उद्योगहरु ७३ वटा देखिएका छन् भने ब्यापार ब्यवसायमा संलग्न परिवार संख्या ११३४ रहेको अभिलेख देखिन्छ । गाउँपालिकाको पृथ्वी राजमार्ग, त्रिभुवन राजपथ र लामिडाँडा सडक आसपास फैलिएको ब्यापार ब्यवसाय र प्रशोधनमूलक उद्योगहरु हेर्दा ठूला तथा मझौला उद्योगहरु ५० वटा, मझौला ब्यवसाय २०० वटा, होटेल रेष्टुरेन्टहरु १५० वटा र सानो कारोबारका ब्यापारीक पसलहरु ७०० वटा सम्म रहेको अनुमान गरिएको छ । यस अनुसार उपलब्ध व्यवसाय र गाउँपालिकाको आर्थिक ऐन अनुसारको दररेट हेर्दा व्यवसायीको कर तिर्ने सामर्थ्य अनुसार करको सम्भाव्यता निम्नअनुसार आँकलन गरिएको छ :

तालिका नं. ७: व्यवसाय करको सम्भाव्यता विवरण

| क्र.सं. | करदाता (व्यापार व्यवसायको स्तर अनुसार) | संख्या | औसत करको दर रु. | संभावित आय रु. |
|---|---|---|---|---|
| १ | ठूला उद्योगहरु | ३० | ५०००० | १५००००० |
| २ | मझौला तथा थोक व्यवसायहरु | २०० | १०००० | २०००००० |
| ३ | होटेल रेष्टुरेन्टहरु | १५० | ५००० | ७५०००० |
| ४ | संस्थागत (निजी स्कुल, पोलिक्लिनिक, बैक....) | १०० | १०००० | १०००००० |
| ५ | साना तथा खुद्रा ब्यापार | ७०० | १५०० | १०५०००० |
| | **जम्मा** | | | ६३००००० |

**सुधारका पक्षहरू:**
गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउन निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- गाउँपालिकामा संचालित व्यवसायहरूको करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।
- सबै व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा ब्यवसाय दर्ताका लागि घुम्ती शिविरलाई हरेक वर्ष निरन्तरता दिने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- ब्यवसायीहरुमा कर तिर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ङ. जडीवुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्था:**
यस शीर्षकमा गाउँपालिकाले हालसम्म कुनै कर संकलन गरेको छैन । यस गा.पा.को आर्थिक ऐनमा गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडी माल, प्वाँख, छालाजस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत कर लगाइने र असुलउपर गरिने उल्लेख गरेको छ । गाउँपालिका आर्थिक ऐनको अनुसूची ५ मा जडिबुटि कवाडी जिवजन्तु को मूल्याङ्कनको १% लाग्ने उल्लेख गरिएको छ ।

**संभावना:**
यद्यपि यो गाउँपालिकामा राजमार्गको बजार ब्यापक रुपमा फैलिएको हुनाले कवाडी मालवस्तुको संकलन र निर्यात हुने सक्ने देखिन्छ । त्यसैगरी जडिबुटी (खोटो, वनकस, खर आदि) को संकलन तथा बिक्री सम्बन्धमा कुनै तथ्यांक नभए पनि आसपासको ग्रामीण क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाव्यता देखिन्छ । त्यसैगरी जीवजन्तुको हाड सिंग खुर लगायतका छाला, ऊन आदिको अभिलेख विना कारोबार भइरहेको पाइन्छ । यस गाउँपालिकामा उल्लेखित शीर्षक अन्तर्गत कवाडी तर्फ ५ लाख सम्म, जडिबुटी र जिवजन्तु तर्फ १ लाख सम्म संकलन हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**
यस कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- व्यवसायीहरुको दर्ता, अभिलेखीकरण गर्ने ।
- कवाडी वस्तुहरुको व्यवसायिक कारोवार गर्नेलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का वन्दोवस्त गरी कर संकलन गर्ने ।
- जडीबुटीको र जिवजन्तुको उपलब्धता पत्ता लगाई कारोबारमा कर संकलन शुरुवात गर्ने ।

## च. विज्ञापन कर

**हालको अवस्था**

विद्यमान कानुनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ। संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो। थाक्रे गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाई असूल उपर गरिने र यसरी कर संकलन गर्दा अन्तर सहकारी वित्त ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिका संचित कोषमा राजश्व बाडँफाड गर्नुपर्ने उल्लेख गरिएको छ। गाउँपालिकाले सो वापत विज्ञापनदाताहरुसँग सम्झौता गरी गत आर्थिक वर्षमा ४ लाख ७६ हजार प्राप्त गरेको छ भने चालू आर्थिक वर्षका लागि पनि सोही रकम अनुमान गरिएको छ।

**सम्भावना:**

थाक्रे गाउँपालिका अन्तर्गत पृथ्वी राजमार्ग आसपास ठूला साना होर्डिङ बोर्डहरु राखिएका तर त्यस वापत वास्तविक दर भन्दा न्यून मात्र कर प्राप्त भइरहेको देखिन्छ। सो राजमार्ग आसपास ४०० वर्ग फिट सम्मका २० वटा जति र १०० वर्ग फिटका ५० वटा जति होर्डिङ वा साइन बोर्डहरु राखिएका छन्। तिनीहरुको कर वापत प्रति वर्ग फिट औसत रु. ५० ले हिसाव गर्दा करिब रु. ६ लाख २५ हजार प्राप्त हुनसक्ने देखिन्छ।

**सुधारका पक्षहरू:**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने

### *३.३.२ गैरकर राजस्व*

## क) बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

**हालको अवस्था:**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान छ।

थाक्रे गाउँपालिकाको आर्थिक ऐनमा आफनो क्षेत्रभित्र संकलन तथा बिक्री वितरण हुने ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तरको संकलन तथा निकासीमा अनुसुची १४ बमोजिम बिक्री तथा शुल्क लगाउने र असुल उपर गरिने उल्लेख गरेको छ। सो वमोजिम अनुसूची १४ मा सो अनुसार प्रति क्यूविक फिटको आधारमा दर निर्धारण गरिएको छ।

**सम्भावना:**

आर्थिक ऐनमा विक्रीयोग्य वस्तुको आयातनका आधारमा मूल्य तोकिए पनि गाउँपालिकाले वार्षिक परिमाण मूल्य निर्धारण गरि ठेक्का वन्दोवस्ती गरेको छ। यहाँको महेश खोला, आगरा खोला र कोल्पु खोलामा वालुवाको मुख्य स्रोत रहेको र सोही वमोजिम ढुंगा, गिट्टी, बालुवाको स्रोत विक्री भइरहेको छ। यहाँ बजारको कमी नभएका कारण गाउँपालिकाले तत्काल विक्री गरिरहेको छ। चालू आर्थिक वर्षका लागि गाउँपालिकाले कुल १३ करोड ९७ लाखमा ठेक्का लगाएकोमा लकडाउनका कारण केही रकम घट्न सक्ने देखिन्छ। आगामी वर्षका लागि उपरोक्त रकमका अतिरिक्त गाउँपालिका क्षेत्रभित्र रहेका अन्य साना खोलाहरुमा समेत वातावरणीय परिक्षण गरी ठेक्का

लगाउन सकेमा यस शिर्षकबाट थप आय वृद्धि हुनगई करिब १५ करोड भन्दा बढी वार्षिक आय संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरू :**

- थप क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन परीक्षण गरी अध्ययन प्रतिवेदन तयार गर्ने
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् तथा बिक्री कार्यका लागि गराउन ठेक्का आव्हान गर्ने ।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- अर्थिक ऐन नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र दण्ड जरिवानाको प्रावधान समावेश गर्ने ।

## ख) बहाल बिटौरी शुल्क

**हालको अवस्थाः**
गाउँपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । तर यस गाउँपालिका भित्र हाटबजारको ब्यवस्था छैन ।

**संभावनाः**
बहाल बिटौरी शुल्कका लागि थाक्रे गाउंपालिकाको पृथ्वी राजमार्ग आसपास रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका होटेल, रेष्टुरेन्टहरुसँग वहाल विटौरी असुल गर्न सकिन्छ । यसप्रकार सडक क्षेत्रमा निर्माण भएका टहरा, पसलहरु करिब २०० को संख्यामा रहेका र तिनीहरुसँग प्रति पसल वार्षिक १००० को दरले असुल गर्दा करिब २ लाख आय प्राप्त हुने देखिन्छ ।

**सुधारका पक्षहरूः**
गाउँपालिकाको वहाल विटौरी शुल्कमा सुधारको लागि निम्नानुसार प्रस्ताव गरिएको छ :

- गाउँपालिकाभित्र भएका सार्वजनिक वा सडक अधिकारका जमिनको विवरण संकलन गर्ने ।
- वहाल विटौरी शुल्कको दायराभित्र हाटबजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लाग्ने शुल्कलाई उल्लेख गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा संकलन गर्ने ।

## ग) नक्सा पास दस्तुर

**हालको अवस्थाः**
गाउँपालिकाको आर्थिक ऐनमा नक्सापास दस्तुरको दर तोकिएको छ तर नक्सापासको प्रचलन व्यापक रुपले अघि वढेको देखिंदैन । छलफलको क्रममा नक्सापास प्रक्रिया शुरु गरिएको भनिएता पनि अभिलेख अनुसार हालसम्म गाउँपालिकाले यस शीर्षकमा कुनै आम्दानी गरेको छैन ।

**सम्भावनाः**
राजमार्ग र वजार क्षेत्र भएको हुनाले आरसीसी संरचनामा यस अघि नै बनिसकेका घरहरु र अहिले बन्न लागेका घर भवनहरुको नक्सा पास अनुमति प्रभावकारी वनाउनु पर्ने आवशयकता देखिएको छ । हाल यस गाउँपालिकामा ४६०० घरहरु पक्की निर्माण भएको हुँदा तिनीहरु सवैको नक्सापास वा भवन निर्माण इजाजत लिनुपर्ने हुन्छ ।

त्यसका लागि प्रति घर औषत १५०० वर्गफिट क्षेत्रफल भएमा गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भएको औषत दर अनुसार प्रति फिट रु. २।- र आवेदन दस्तुर ५०० लिँदा हालसम्मको आवेदन तर्फ रु. २३ लाख र नक्सापास दस्तुर तर्फ रु. १ करोड ३८ लाख संकलन हुनसक्ने सम्भावना देखिन्छ। यसरी नियमन तर्फको आयलाई क्रमशः हासिल असुल गर्दै जाँदा पहिलो वर्ष रु. ३२ लाख ५० हजार प्राप्त गर्न सकिन्छ । यसैगरी निर्धारित नक्सापासको दर आसपासका गाउँ नगरको तुलनामा अत्यन्त न्यून रहेको र प्रतिवर्ष यस गाउँपालिका क्षेत्रभित्र औषत १०० घर निर्माण हुने भएकोले प्रति वर्ग फिटको रु. ५ सम्म दर कायम हुँदा आगामी आर्थिक वर्षमा रु. ७ लाख ५० हजार र आवेदन तर्फ ५ लाख प्राप्त हुनसक्ने देखिन्छ।

**सुधारका पक्षहरूः**

घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ।

- घर अभिलेखीकरणका लागि सार्वजनिक सूचना जारी गरी वैक तथा वित्तिय संस्थाहरुसँग समन्वय गर्ने
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने ।

## घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्थाः**

स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन्। गाउँपालिकाले ***"घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि*** तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सो बापत दस्तुर संकलन गरिरहेको भएता पनि गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख छैन र उपरोक्त शिर्षकमा आय गरेको समेत अभिलेखमा देखिंदैन ।

**सम्भावना :**

गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिंदा गाउँपालिकामा यस्ता व्यवासायिक फर्महरु करिब गरी कुल २०० रहेको अनुमान गरिएको छ। प्रति फर्म वार्षिक औसत रु. २५०० रजिष्ट्रेशन दस्तुर लिँदा करिब रु. ५ लाख संकलन गर्न सकिने देखिन्छ।

**सुधारका पक्षहरूः**

- दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।

## ङ) सिफारिश तथा प्रमाणित दस्तुर

**हालको अवस्थाः**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत् निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गरि आएको छ । आर्थिक ऐनले विभिन्न शीर्षकमा विभिन्न किसिमका दस्तुरको दर निर्धारण गरेको छ । सिफारिश दस्तुर बापत आ.व. २०७५।७६ मा कुल रु. ३ लाख ६३ हजार ८ सय ४६ संकलन भएको छ।

**सम्भावनाः**
कार्यशाला दौरान भएको छलफल तथा वर्तमानमा वडाहरूले गर्ने विभिन्न सिफारिशको आधारमा यहाँ वार्षिक कुल ४००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ। विद्यमान दर अनुसार प्रति सिफारिश औसत रु. २०० कायम भएमा सिफारिश तथा प्रमाणितबाट वार्षिक कुल रु. ८,००,००० संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।

## च) सेवा शुल्क

थाक्रे गाउँपालिकाको आर्थिक ऐनमा गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने उल्लेख गरिएको छ । यस अन्तर्गत गाउँपालिकाले सडक पूर्वाधारमा सेवा शुल्क लगाई गत आर्थिक वर्षमा रु. १ करोड ९१ लाख असुल गरेको छ भने चालू आर्थिक वर्षमा ढुंगा गिट्टी बोक्ने सवारी साधनलाई केन्द्रित गरी रु. २ करोडको ठेक्का वन्दोवस्ती गरेको छ ।

आगामी आर्थिक वर्षमा पनि उपरोक्त रकम सहज ढंगले प्राप्त हुने देखिन्छ । अझ थप सडक र पूर्वाधारहरुमा सेवा शुल्क लगाउन सकेमा यस शिर्षकमा १५ प्रतिशत सम्म वृद्धि भई वार्षिक २ करोड २० लाख सम्म प्राप्त हुन सक्नेछ ।

## छ) सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्थाः**
हाल यस शीर्षकमा गाउँपालिकाले कुनै आम्दानी गरेको छैन । विद्यमान भौतिक स्रोतहरुको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको पनि छैन । आ.व. २०७५।७६ मा यस शीर्षकमा कुल रु. १४ हजार चार सय मात्र संकलन भएको छ । यस गाउँपालिकाको स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरुः सभा हल, साउण्ड सिस्टम तथा प्रोजेक्टर बहालमा दिन सकिने देखिन्छ :

**सम्भावनाः**
गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्यांकहरू नभएकाले बाट आगामी आ.व.मा अधिकतम ३ लाख सम्म आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

# परिच्छेद - चार : राजश्व नीति, संयन्त्र तथा आय संकलनको अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार राजस्व परामर्श समिति गठन गरेको छ :

तालिका नं. १०: राजस्व परामर्श समिति

| क्र.सं. | समितिका व्यक्तिहरु (पद) | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | अम्विका रुपाखेती, उपाध्यक्ष | संयोजक |
| २ | शेषकान्त पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | पूर्ण बहादुर कार्की, वडाध्यक्ष | सदस्य |
| ४ | अमृता सुनुवार | सदस्य |
| ५ | जिन्दगी थापा | उद्योग वाणिज्य संघ |
| ६ | संगिता सापकोटा, लेखा अधिकृत | सदस्य सचिव |

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकताअनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धि नीतिगत निर्णयहरू गाउँसभा समक्ष पेश गर्ने गरेको छ । राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने सम्बन्धमा छलफल गरी आ.व. २०७६।७७ मा लागू भएका राजस्व सम्बन्धी नीति तथा कानुनलाई नै आर्थिक वर्ष २०७६।७७ मा समेत निरन्तरता दिने गरी सर्वसम्मत निर्णय गरिएको छ । स्थानीय राजस्व परामर्शसमितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा **अनुसूची ३** मा संलग्न गरिएको छ ।

गाउँपालिकाको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा लिइएका नीति देहाय अनुसार रहेका छन् :

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ का साथै प्रचलित ऐन कानुन तथा नेपाल सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइने ।
- थाक्रे बासीहरुको क्षमता, स्थानीय श्रोत र अन्य गाँउपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरु निर्धारण गरिने ।
- सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिने ।
- राजस्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइने ।

- “राजस्व संकलन- भार होइन, समृद्धिको आधार हो” भन्ने चेतना जागरण गराउन राजश्व सचेतना अभियान निरन्तर सञ्चालन गरिने ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने कर नीति अवलम्बन गरिने ।
- उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गरिने ।
- गाउँपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सव सञ्चालन गरिने ।
- राजमार्ग केन्द्रित होटल, रेष्टुरेन्ट, भोजनालयको खाद्य स्वच्छता कायम गरी व्यवसायलाई मर्यादित एवं यात्रुमैत्री बनाइने ।
- गाउँपालिका क्षेत्र भित्र रहेका क्रसर उद्योग, इट्टाभट्टा, ग्यास उद्योग लगायत ठुला उद्योगलाई सामाजिक सेवा एवं वातावरण मैत्री बनाउदै हाल संचालित वा सम्भावना भएका उद्योग कलकारखाना एवं खानीलाई प्रचलित मापदण्ड भित्र संचालन गरिने ।

## ४.२ विगतको आय परिचालनको अवस्था

यस गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा न्यून रहेको छ । आन्तरिक आय तर्फ नदीजन्य पदार्थ विक्री, सिफारिश दस्तुर तथा मालपोत यहाँका मुख्य आयस्रोतका रुपमा रहेका छन् । हालको अवस्थामा आन्तरिक आय तर्फ गाउँपालिकाको लागि सम्पत्ति कर र मालपोत नै मुख्य तथा दिगो क्षेत्र हुन् । गाउँपालिकाले मालपोत लाई जमीनको उपयोगका आधारमा वर्गिकरण गरेर दर निर्धारण गरेको छ । हालसम्म सम्पत्ति कर लागू नभएको भएपनि आगामी आ.व.मा यसको कार्यान्वयन शुरु गरिने छ । उद्योग व्यवसायको विकास भए अनुसार व्यवसाय करको असुली देखिँदैन तथापि गत आर्थिक वर्षमा घुम्ती शिविर मार्फत व्यवसाय दर्ता अभियान सञ्चालन गरिएकोले केही रकम संकलन भएको देखिन्छ । ढुंगा, गिट्टी, बालुवाको आ.व. २०७६।७७ का लागि रु. १३ करोड ९७ लाखमा ठेक्का लागेको छ । घरबहाल कर, विज्ञापन कर, जडीबुटी कवाडी जीवजन्तु करको सम्भावना तत्कालका लागि निकै न्यून रहेको देखिन्छ । गाउँपालिकासँग विगत आर्थिक वर्षहरुको तथ्यांकको शीर्षकगत आयसम्बन्धी अभिलेख व्यवस्थित देखिँदैन । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थको नजिक पुर्‍याउन कठिनाइ रहेको छ ।

गाउँपालिकाकाबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाले विगत आ.व. २०७४।७५ र २०७५।७६ मा संकलन गरेको यथार्थ आय, चालु आ.व.का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण देहाय अनुसार रहेको छः

### तालिका नं. १०ः गाउँपालिकाको आय वृद्धिदर

*रु ००० मा*

| आय शीर्षक | २०७४।०७५ को यथार्थ आय | २०७५।०७६ को यथार्थ आय | २०७६।०७७ को अनुमानित आय |
|---|---|---|---|
| **क. आन्तरिक आय** | | | **१०५५८२** |
| **जम्मा आन्तरिक आम्दानी** | | | **१०५५८२** |
| **ख. राजस्व बाँडफाँडबाट प्राप्त आय** | | | **१०४२००** |
| संघीय सरकार बाट (मु.अ.कर तथा अन्तः शुल्क) | | ५७४४० | ८८५०० |
| प्रदेश सरकार बाट (सवारी साधन) | | १२३७५ | १५००० |
| मालपोत रजिष्टेशन | ४६९.८ | १०८३ | ७०० |
| **ग. अनुदान** | | | **४३४८५२** |
| संघीय सरकार समानीकरण अनुदान | १८८०७८ | १६६३०० | १७३६०३ |

| आय शीर्षक | २०७४।०७५ को यथार्थ आय | २०७५।०७६ को यथार्थ आय | २०७६।०७७ को अनुमानित आय |
|---|---|---|---|
| संघीय सरकार : सशर्त | १०७११० | १५८३६३ | १७६२२२ |
| संघीय सरकार समपुरक अनुदान | | ३१०१८ | ५८०२७ |
| प्रदेश सरकार समानिकरण | | ८१०८ | १२००० |
| प्रदेश सरकार सशर्त अनुदान | | १७७०० | १५००० |
| अन्य अनुदान | | | |
| **कुल जम्मा** | | | ६४४६३४ |

माथिको तालिकाबाट यस गाउँपालिकाको आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा करिव १६ प्रतिशत देखिन्छ । यद्यपि गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघीय सरकारबाट प्राप्त हुने अन्तर सरकारी वित्त हस्तान्तरण र कार्यक्रम बापतको अनुदान नै रहेको देखिन्छ । उल्लेखित तालिका अनुसार गाउँपालिकाको समग्र आयको सारांश देहायअनुसार रहेको छ :

**तालिका नं. १३: गाउँपालिकाको कुल आयमा योगदान**

*रु ००० मा*

| आय शीर्षक | २०७५।०७६ को यथार्थ आय | | २०७६।०७७ को अनुमानित आय | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| क. आन्तरिक आय | | | १०५५८२ | १६.३८ |
| ख. राजस्व बाँडफाँडबाट प्राप्त आय | | | १०४२०० | १६.१६ |
| ग. अनुदान | | | ४३४८५२ | ६७.४६ |
| **कुल जम्मा** | | | ६४४६३४ | १०० |

## ४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

गाउँपालिकामा राजश्व प्रशासन व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने, संगठनात्मक स्वरुप तयार गर्ने वास्तविक दरबन्दीको यकीन गर्ने काम बाँकी रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :

- राजस्वसम्बन्धी काम लेखा शाखाबाट भइरहेको र हालै मात्र नवनियूक्त आ.ले.प. सहायकलाई राजश्व सम्वन्धी जिम्मा दिइएको ।
- राजस्व प्रशासनमा कम्प्युटर तथा सफ्टवेयर जडान नभएको ।
- राजस्व संकलनमा वडास्तरमा नगदी रसिदको प्रयोग भइरहेको । तर पालिकास्तरमा वैंक खातामा दाखिला गर्ने ब्यवस्था रहेको ।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको ।
- वडा कार्यालयहरूले महिनाभर संकलन भएको रकम एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित मासिक कर्मचारी वैठकमा पेश गर्ने गरेको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।

- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल कमजोर रहेको ।
- स्थानीय राजस्व परामर्श समिति गठन तथा परिचालन प्रभावकारी र क्रियाशील रहेको ।
- राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।
- राजस्व संकलनको जिम्मेवारी पाएका कर्मचारीहरूको लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन नभएको ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

गाउँपालिकाको आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको प्रशासनिक क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### क. संगठनात्मक संरचना निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न गाउँपालिकामा राजस्व शाखा वा एकाई स्थापना, आवश्यक दरबन्दी स्वीकृति तथा कर्मचारी पदस्थापना गर्नु आवश्यक देखिन्छ । यसका साथै गाउँपालिकाको राजस्व अधिकारको आधारमा भौतिक सुविधा थप गर्ने, क्षमता विकास तालिम सञ्चालन गर्ने एवं सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूवाट समेत तोकिएका शिर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक छ ।

### ख. आर्थिक ऐनमा सुधार

गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ । तर प्रचलित संघीय कानुनी व्यवस्था अनुरुप यो कर सवै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ । गाउँपालिकाको जे.सी.बी. तथा अन्य यन्त्रउपकरण जस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सबै जग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ । आगामी आ.व. २०७७७८ का लागि आर्थिक ऐनको नमूना मस्यौदा **अनुसूची** ४ मा संलग्न गरिएको छ ।

### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

### घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने रकम र शिर्षक सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

### ङ. तथ्याङ्कमा आधारित अभिलेख

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### च. समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई अझै प्रभावकारी बनाउनु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । राजश्व प्रशासनलाई प्रभावकारी वनाउन निर्वाचित नेतृत्वले नियमित अनुगमन र छलफल गर्नुपर्दछ । साथै स्थानीय करदाता केन्द्रित समुदायहरुसँग छलफल गरी नयाँ करका शिर्षकहरु कार्यान्वियनमा ल्याउनु पर्दछ ।

### छ. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र करबाट प्राप्त आयलाई के के शिर्षकमा खर्च गरियो भन्ने विवरणबारे नागरिक तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ ।

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा टेलीफोन मार्फत गाउँपालिका पदाधिकारीहरुसँग आवश्यक सूचना लिइएको र विद्युतीय माध्यमबाट गाउँपालिका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया आयोजना गरिएको थियो । गाउँपालिकाको आयोजना र परामर्शदातृ निकायको सहजीकरणमा सम्पन्न उक्त छलफलमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य अधिकृत कर्मचारीहरुको सहभागीता रहेको थियो । अनलाइन कार्यशालाबाट सहभागीहरूले आगामी कार्ययोजनाको खाका उपलब्ध गराउनुका साथै थप तथ्यांक समेत प्रदान गर्नुभएको थियो । परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना
ख. गैरकर राजस्व सुधार योजना
ग. राजस्व प्रशासन सुधार योजना

### तालिका नं. १४: राजस्व सुधार कार्ययोजना

**क. कर राजस्व सुधार योजना**

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमिकर/मालपोत** | | |
| १.१ | जग्गाको वर्गिकरण गर्दा पृथ्वी राजमार्ग, त्रिभुवन राजपथ र भिमढुंगा लामिडाँडा कालोपत्रे सडक आसपासको जमीनलाई छुट्टै वर्गमा राख्ने, महादेववेंसी, जुंगेखोला र सिम्ले बजार क्षेत्रका खाली जमीनलाई अर्को वर्गमा राख्ने र महेश खोला, आगरा खोला आसपासको क्षेत्रलाई उच्च व्यवसायीक कृषि क्षेत्रमा वर्गिकृत हुने गरी भूमि करको दर निर्धारण गर्ने | २०७७ असार मसान्तसम्म | आर्थिक प्रशासन शाखा<br>गाउँ सभा |
| १.२ | मालपोत कार्यालयहरुबाट जग्गाको नयाँ लगत र मूल्यांकन दर प्राप्त गर्ने | २०७७ असोज मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत, अध्यक्ष |
| १.३ | जग्गाको उपयोग अनुसार वर्गिकरण गर्न वडा र टोल समूहहरुसँग परामर्श गर्ने | २०७७ असोज मसान्तसम्म | राजश्व परामर्श समिति |
| २ | **सम्पत्ति कर** | | |
| २.१ | सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्न संघीय कानुनको भावना अनुसार ऐन परिमार्जन गर्ने स्थानीय आर्थिक ऐन परिमार्जन गर्ने | २०७७ असार मसान्त | ▪ राजस्व परामर्श समिति<br>▪ गाउँसभा |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| २.२ | सम्पत्ती करबारे सबै वडामा जनचेतना कार्यक्रम संचालन गर्ने | २०७७ जेठदेखि निरन्तर | आर्थिक प्रशासन शाखा तथा वडा कार्यालय, राजस्व परामर्श समिति |
| २.३ | सम्पत्ती कर लगायत अन्य करहरुको लागि सफ्ट्वेयर खरीद तथा सो सम्बन्धी तालिमको व्यवस्था गर्ने | २०७७ असार मसान्त | गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| २.४ | सम्पत्ति कर प्रशासनका लागि आवश्यक भौतिक सामग्रीहरुको व्यवस्था गर्ने (कर असुली काउण्टर) | २०७७ श्रावण १ देखि | गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| ३ | **घर जग्गा वहाल कर** | | |
| ३.१ | बहालमा लगाएका घरधनीहरुलाई बहाल कर सम्बन्धमा जानकारी गराई कर तिर्न सूचित गर्ने | आ.व २०७६/७७ | राजस्व उपशाखा र वडा कार्यालय |
| ३.२ | वहाल कर तिरेको वा नतिरेको अनुगमन गर्ने | २०७७ भाद्र देखि निरन्तर | आर्थिक प्रशासन शाखा, राजश्व परामर्श समिति |
| ४ | **व्यवसाय कर** | | |
| ४.१ | व्यवसायको पहिचान, अभिलेखीकरण र वर्गीकरण गर्ने | २०७७ आषाढ सम्म | आर्थिक प्रशासन शाखा र वडा कार्यालय |
| ४.२ | व्यवसायको वर्गीकरणका आधारमा दर निर्धारण गरी आर्थिक ऐनमा परिमार्जन गर्ने | २०७७ आषाढ सम्म | राजस्व परामर्श समिति तथा गाउँसभा |
| ४.३ | व्यवसाय दर्ता तथा कर संकलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गर्ने | २०७७ श्रावणदेखि | राजस्व उपशाखा तथा वडा कार्यालयहरु |
| ४.४ | व्यवसाय कर सम्बन्धमा आर्थिक ऐनमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने । | २०७७ श्रावणदेखि | गाउँसभा |
| ५ | **जडीबुटी, कवाडी र जीवजन्तु कर** | | |
| ५.१ | जडीबुटी तथा कवाडी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने | २०७७ आषाढ मसान्त | आर्थिक प्रशासन शाखा |
| ५.२ | जडीबुटी र कवाडी करको दर निर्धारण गरी सोअनुसार ठेक्का वन्दोवस्त गर्ने | २०७७ श्रावण मसान्त | राजश्व परामर्श समिति, गाउँ सभा, कार्यपालिका |
| ६ | **विज्ञापन कर** | | |
| ६.१ | राजमार्ग आसपास राखिएका होर्डिङ बोर्ड तथा वाल पेन्टीङ हरुको आकार र संख्या गणना गर्ने | २०७७ पौष मसान्त | आर्थिक प्रशासन शाखा |
| ६.२ | आकार र संख्या गणना अनुसार सम्भाव्य करको अनुमान गरी ठेक्का वन्दोवस्त गर्ने | २०७७ भदौ मसान्त | गाउँ कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार योजना

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, स्लेट आदिको बिक्री | | |
| १.१ | हाल विक्री भइरहेका स्थलहरु बाहेक स्थलहरु (खोला र खानीहरु)को पहिचान गर्ने | २०७७ भाद्र मसान्त | गाउँपालिका अध्यक्ष |
| १.२ | माथि उल्लेखित स्रोतहरुमा प्रारम्भिक वातावरणीय परीक्षण गराउने | २०७७ असोज मसान्त | कार्यपालिका र प्रविधिक शाखा |
| १.३ | थप भएका खानी र खोलाहरुको छुट्टै प्याकेजमा ठेक्का आब्हान गर्ने | २०७७ कार्तिक मसान्त | गाउँ कार्यपालिका |
| १.४ | काम र बिक्रीको नियमित अनुगमन सुनिश्चित गर्ने | निरन्तर | कार्यपालिका, राजश्व परामर्श समिति |
| **२** | **नक्सा पास दस्तुर** | | |
| २.१ | घर निर्माण गर्दा नक्सा पास अनुमतिलाई कडाई गर्ने | निरन्तर | कार्यपालिका |
| २.२ | गाउँपालिका भित्र भएका पक्की तथा कच्ची घरहरुको अभिलेखीकरण गर्ने | २०७७ श्रावण देखि निरन्तर | कार्यपालिका र प्रविधिक शाखा |
| २.३ | निर्माण भइसकेका घरहरुको अभिलेखीकरणका लागि दस्तुर दर तोक्ने र घरधनीहरुलाई अभिलेख गराउन सूचित गर्ने | २०७७ श्रावण मसान्त | गाउँ सभा, गाउँ कार्यपालिका र प्राविधिक शाखा |
| २.४ | नक्सापास कार्यका लागि इन्जिनियर तथा प्राविधिकहरुलाई तालिम प्रदान गर्ने | २०७७ भाद्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत |
| २.५ | नक्सापास विधि तथा प्रक्रिया र नक्सापास सम्वन्धी पुस्तक छपाई गरी विक्री वितरण शुरु गर्ने | २०७७ श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| २.६ | नक्सापास तथा अभिलेखीकरण गर्नुपर्ने प्रावधान सहित सो प्रक्रियाबारे नागरिकलाई सुचीत गर्ने | २०७७ भाद्र देखि निरन्तर | प्राविधिक शाखा<br>वडा कार्यालयहरु |
| **३** | **बहाल विटौरी शुल्क** | | |
| ३.१ | गाउँपालिका क्षेत्रभित्र भएका सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचनाबारे तथ्यांक संकलन गर्ने | २०७७ असार मसान्त | प्राविधिक तथा प्रशासन शाखा |
| ३.२ | सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचना र विद्यमान उपयोगको अवस्था हेरी शुल्क निर्धारण गर्ने | २०७७ असार मसान्त | राजस्व परामर्श समिति र गाउँसभा |
| ३.३ | गाउँपालिकामा लाग्ने विभिन्न हटिया तथा अस्थायी बजारहरुमा रहने पसलहरुको विवरण संकलन गर्ने | २०७७ असार मसान्त | राजस्व परामर्श समिति र गाउँसभा |
| ३.४ | हटिया र बजारमा रहने अस्थायी पसलहरुको पटके शुल्क निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने | २०७७ असार मसान्त | राजस्व परामर्श समिति र गाउँसभा |
| ३.५ | विटौरी शुल्क तिर्नुपर्ने करदाताहरुलाई सूचित गर्ने | २०७७ असोज मसान्त | आर्थिक प्रशासन शाखा |
| **४** | **दर्ता, नवीकरण तथा अनुमती दस्तुर** | | |
| ४.१ | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीय व्यापारीक फर्म | २०७७ भाद्र मसान्त सम्म | गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय |

| | | | |
|---|---|---|---|
| | आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने (मन्त्रालयले तयार गरेको नमुना कार्यविधि को आधारमा) | | अधिकृत |
| ४.२ | दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने । | २०७७ असार मसान्त | राजस्व परामर्श समिति, गाउँ सभा |
| **५** | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | |
| ५.१ | गाउँपालिकालाई दीर्घकालीन आय हुनसक्ने सम्भाव्य क्षेत्रहरुको पहिचान गर्ने<br>- मुख्य बजार र राजमार्ग आसपास भवन वा सटर<br>- बजार क्षेत्रमा खानेपानी आयोजना सञ्चालन<br>- अस्पताल निर्माण तथा सञ्चालन<br>- अतिथी गृह | २०७७ संसीर मसान्त | गाउँ कार्यपालिका, गाउँ सभा |
| ५.२ | पहिचान भएका क्षेत्रहरुको सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियाजन गर्ने । | २०७७ श्रावण मसान्त | गाउँ कार्यपालिका |

## ग. राजस्व प्रशासन सुधार योजना

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| १.१ | आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने<br>- हालको राजस्व अधिकारका सम्भाव्य शिर्षकहरुमा दर तथा संकलन व्यवस्था उल्लेख गर्ने (सम्पत्ति बहाल, ......)<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने । | २०७७ असार मसान्त | राजस्व परामर्श समिति, गाउँ सभा |
| १.२ | राजस्व नीति सामर्थ्यमा आधारित तथा tax-benefit principle मा आधारित बनाउने | २०७७ असार मसान्त | गाउँ कार्यपालिका |
| १.३ | आर्थिक प्रशासन शाखा अर्न्तगत राजस्व उपशाखालाई स्रोत साधन सम्पन्न बनाउने | २०७७ असोज मसान्त | गाउँ कार्यपालिका |
| १.५ | व्यवसाय रजिष्ट्रेशन कार्यविधि तर्जुमा गर्ने | २०७७ असोज भित्र | गाउँ कार्यपालिका |
| **२** | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| २.१ | आर्थिक प्रशासन शाखा अर्न्तगत राजस्व उपशाखा स्थापना गर्ने | २०७७ श्रावण मसान्त | कार्यपालिका |
| २.२ | राजस्व उपशाखाका लागि कर्मचारी, सफ्टवेयर तथा | २०७७ भाद्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | भौतिक सुविधाको व्यवस्था गर्ने | | |
| २.३ | राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने | २०७७ भाद्र मसान्त | प्रमुख प्रशासकीय अधिकृत |
| **३** | **तथ्याङ्क तथा अभिलेख व्यवस्थापन** | | |
| ३.१ | विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षकमा आम्दानी बाँध्ने | २०७७ श्रावण मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३.२ | सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङ सुरुवात गर्ने | २०७७ श्रावण मसान्त | प्रमुख प्रशासकीय अधिकृत |
| **३** | **करदातामैत्री/करदाता लक्ष्यित कार्यक्रम** | | |
| ३.१ | विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने | २०७७ असार देखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| ३.२ | सबभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने | विशेष कार्यक्रमको अवसरमा | गाउँ कार्यपालिका |
| **४** | **पारदर्शिता र जवाफदेहिता** | | |
| ४.१ | चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गर्ने | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४.२ | राजस्व परामर्श समितिलाई सक्रिय गराउने (राजस्व परामर्श समितिको नियमित बैठक वसी राजस्व असुली अनुगमन सम्बन्धी छलफल गर्ने | त्रैमासिक | प्र.प्र.अ र राजस्व परामर्श समिति |
| **५** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| ५.१ | यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने | २०७७ असार देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| ५.२ | कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने | २०७७ असार मसान्त देखि | कार्यपालिका<br>गाउँ सभा |

# परिच्छेद - छ : आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगमी तीन आर्थिक वर्षहरुका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयनपश्चात् आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७७७८ देखि २०७९।८०) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ।

### तालिका नं. १५: आगामी तीन आव.का लागि राजस्व प्रक्षेपणका आधार

रु. हजारमा

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| क | आन्तरिक आय तर्फ | | | १७१,८७५ |
| १ | सम्पत्ति कर | ८७०० | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ४३५० |
| २ | भूमि कर (मालपोत) | ७२३० | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ३६१५ |
| ३ | घरजग्गा बहाल कर | ४६०० | कुल सम्भावनाको ४० प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने | १८४० |
| ४ | बहाल विटौरी शुल्क | २०० | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने | १४० |
| ५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ४५० |
| ६ | व्यवसाय कर | ६३०० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ३७८० |
| ७ | जडीबुटी तथा कवाडी | ६०० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ४०० |
| ८ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ३०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ३०० |
| | अन्य बिक्रिबाट प्राप्त रकम ( फारम, बोलपत्र, प्रकाशन आदी) | २०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २०० |
| ९ | *स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री* | १५०००० | कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १२७५०० |
| | शिक्षा क्षेत्रको आम्दानी | १५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १५० |

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| | अन्य प्रशासनिक सेवा शुल्क ( मुल्यांकन समेत) | ५००० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ५,००० |
| १० | नक्सापास दस्तुर | ३२५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ३२५० |
| ११ | सिफारिश दस्तुर | ८०० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ८०० |
| १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०० | एकमुष्ठ एक लाख र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १०० |
| १३ | नाता प्रमाणित दस्तुर | १०० | एकमुष्ठ एक लाख र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १०० |
| १४ | अन्य दस्तुर (दर्ता, इजाजत) | ५० | एकमुष्ठ ३० हजार अनुमान र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ५० |
| १५ | दण्ड, जरिवाना र जफत | ५० | एकमुष्ठ ५० हजार र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ५० |
| १७ | अन्य राजस्व (पूर्वाधार सेवा शुल्क) | २२००० | हाल असुल भएको १ करोड ९३ लाख र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १९३०० |
| १८ | बेरुजु | ५०० | अनुमानित वार्षिक ५ लाख | ५०० |
| **ख** | **राजश्व बाँडफाँड** | | | **१०२,८५५** |
| **ख.१** | **संघीय सरकार** | | | |
| १ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जान | ८४,०७५ |
| २ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | |
| ३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | चालु आ.व.मा संकलन भएको आधारमा आ.व. २०७७७८ का लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिशको आधारमा र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान | २ |
| **ख.२** | **प्रदेश सरकार** | | | |
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | आ.व. २०७७७८मा ७ लाख र त्यसपछि वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | ७०० |
| २ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १७,६८३ |
| ३ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | आ.व. २०७७७८ मा रु २० हजार प्राप्त हुने र त्यसपछि वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | २० |
| ४ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ६२५ | आ.व. २०७७७८मा नगरपालिकाको हिस्सा ६० प्रतिशत र त्यसपछि वार्षिक १५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान | ३७५ |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | | | **४२६,६६२** |
| **ग.१** | **संघीय सरकार** | | | |

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १६२,२०० |
| २ | शसर्त अनुदान | | | १८०,६०० |
| ३ | विषेश अनुदान | | | २०,००० |
| ४ | समपुरक अनुदान | | | - |
| ५ | अन्य अनुदान (निर्वाचन क्षेत्र विकास र अन्य) | | चालु आ.व.को विनियोजन यथावत रही वार्षिक १० प्रतिशतका दरले थपिँदै जाने | १५००० |
| **ग.२** | **प्रदेश सरकार** | | | |
| १ | समानिकरण अनुदान | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १०,२१६ |
| २ | शसर्त अनुदान | | | १६,६४६ |
| ३ | विषेश अनुदान | | | - |
| ४ | समपुरक अनुदान | | | २०,००० |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | | | |
| १ | अन्य संस्थागत आन्तरिक अनुदान | | आ.ब. २०७७७८ मा रु १० लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान | १,००० |
| २ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | जनताको लागत सहभागितावाट आ.ब. २०७७७८ मा रु १० लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान | १,००० |

## ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ ।

### तालिका नं. १६: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

रु. हजारमा

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| **१००००** | **राजस्व तथा अनुदान** | **५६७,०७१** | **६५७,४१०** | **७०१,३९२** | **७४३,५७७** | **७८९,३५०** |
| **क.** | **आन्तरिक आय** | **११४,२०८** | **११७,८८२** | **१७१,८७५** | **१८७,४१०** | **२०५,१८३** |
| ११३१३ | एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | ५०० | ५०० | ४,३५० | ५,००३ | ५,७५३ |
| ११३१४ | भूमी कर/मालपोत | १,०८३ | १,१०० | ३,६१५ | ४,१५७ | ४,७८१ |
| ११३२१ | घर बहाल कर | ३४ | ३०० | १,८४० | २,२०८ | २,६५० |
| १४६११ | व्यवसाय कर | २,३६० | १,९३२ | ३,७८० | ४,३४७ | ४,९९९ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | ४५० | ५१८ | ५९५ |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| ११३२२ | बहाल विटौरी कर (बहाल विटौरी शुल्क) | | | १४० | १६८ | २०२ |
| ११६११ | जडिबुटी, कवाडी तथा जिवजन्तु कर | | | ४०० | ४६० | ५२९ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | ३०० | ३३० | ३६३ |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | | | २०० | २२० | २४२ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | ७७,०१७ | ८०,००० | १२७,५०० | १४०,२५० | १५४,२७५ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | १५० | १६५ | १८२ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (मुल्यांकन समेत) | १३,४८४ | १३,५०० | ५,००० | ५,५०० | ६,०५० |
| १४२४२ | नक्सापास दस्तुर | | | ३,२५० | ३,५७५ | ३,९३३ |
| १४२४३ | सिफारिश दस्तुर | ३६३ | ५०० | ८०० | ८८० | ९६८ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ५० | ५० | १०० | ११० | १२१ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | १०० | ११० | १२१ |
| १४२४९ | अन्य दस्तुर | | | ५० | ५५ | ६१ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | १० | ११ | १२ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | ४० | ४४ | ४८ |
| १४५२९ | अन्य राजस्व पूर्वाधार सेवा शुल्क समेत | १९,३१७ | २०,००० | १९,३०० | १९,३०० | १९,३०० |
| १५१११ | बेरुजु | | | ५०० | ५०० | ५०० |
| **ख.** | **राजस्व बाँडफाँड** | **७१,३७४** | **१०४,६७६** | **१०२,८५५** | **१०८,०७१** | **११३,५५८** |
| | **संघीय सरकार** | **५७,४४०** | **८८,५००** | **८४,०७७** | **८८,२८१** | **९२,६९५** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५७,४४० | ८८,५०० | ८४,०७५ | ८८,२७९ | ९२,६९३ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | | २ | २ | २ |
| | **प्रदेश सरकार** | **१३,९३४** | **१६,१७६** | **१८,७७८** | **१९,७९०** | **२०,८६३** |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १२३७५ | १५००० | १७,६८३ | १८,५६७ | १९,४९६ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर *(प्रदेशसंग राजस्व बाँडफाँड)* | १०८३ | ७०० | ७०० | ७७० | ८४७ |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | | २० | २२ | २४ |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ४७६ | ४७६ | ३७५ | ४३१ | ४९६ |
| **ग.** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **३८१,४८९** | **४३४,८५२** | **४२४,६६२** | **४४५,८९५** | **४६८,१९०** |
| | **संघीय सरकार** | **३५५,६८१** | **४०७,८५२** | **३७७,८००** | **३९६,६९०** | **४१६,५२५** |
| १३३११ | समानिकरण अनुदान | १६६३०० | १७३६०३ | १६२,२०० | १७०,३१० | १७८,८२६ |
| १३३१२ | शसर्त अनुदान चालु | १५८,३६३ | १७६,२२२ | १८०,६०० | १८९,६३० | १९९,११२ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | | | २०,००० | २१,००० | २२,०५० |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | ३१,०१८ | ५८,०२७ | - | - | - |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | | | १५,००० | १५,७५० | १६,५३८ |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | | |
| | **प्रदेश सरकार** | **२५,८०८** | **२७,०००** | **४६,८६२** | **४९,२०५** | **५१,६६५** |
| १३३११ | समानिकरण अनुदान | ८१०८ | १२००० | १०,२१६ | १०,७२७ | ११,२६३ |
| १३३१२ | शसर्त अनुदान चालु | १७,७०० | १५,००० | १६,६४६ | १७,४७८ | १८,३५२ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | | | - | - | - |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | २०,००० | २१,००० | २२,०५० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| **घ.** | **अन्य आन्तरिक अनुदान** | **-** | **-** | **२,०००** | **२,२००** | **२,४२०** |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान ( सडक बोर्ड नेपाल) | - | - | १,००० | १,१०० | १,२१० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान ( *लागत सहभागिता)* | - | - | १,००० | १,१०० | १,२१० |
| | **जम्मा** | **५६७,०७१** | **६५७,४१०** | **७०१,३९२** | **७४३,५७७** | **७८९,३५०** |

# परिच्छेद - सात : निष्कर्ष तथा सुझाव

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरुबाट तथ्यांक तथा सूचनाहरु संकलन गरिएको थियो । विभिन्न फारमहरुको प्रयोग गरी गाउँ कार्यपालिकाको कार्यालय तथा सम्वन्धित अधिकारीहरुबाट समेत सूचना संकलन गरिएको थियो । हालको राजस्व संकलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि सहभागितामूलक पद्धति मार्फत् राजस्व सुधार कार्ययोजना तर्जुमा गरियो । संकलित तथ्यांक, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ ।

## ७.१ निष्कर्ष तथा सुझाव

यस अध्ययन अनुसार थाक्रे गाउँपालिकाको आगामी आ.व. २०७७।७८ को कुल आय ७० करोड १३ लाख ९२ हजार हुने देखिएको छ । यद्यपि प्रस्तुत विवरणले गाउँपालिकाको आन्तरिक आय सो आ.व. मा १७ करोड १८ लाख ७५ हजार हुने अनुमान गरिएको छ, जुन कुल आयको करिब २५ प्रतिशत हुन आँउछ । सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरुमा हुने आय संरचना देहाय अनुसार हुने प्रक्षेपण गरिएको छ :

### तालिका नं. १७: प्रक्षेपित आय संरचना

रु. हजारमा

| क्र.सं. | राजश्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १ | आन्तरिक आय | ११४,२०८ | ११७,८८२ | १७१,८७५ | १८७,४१० | २०५,१८३ |
| २ | राजश्व बाँडफाँड | | | | | |
| | *संघीय सरकार* | ५७,४४० | ८८,५०० | ८४,०७७ | ८८,२८१ | ९२,६९५ |
| | *प्रदेश सरकार* | १३,९३४ | १६,१७६ | १८,७७८ | १९,७९० | २०,८६३ |
| ३ | अन्तरसरकारी वित्तिय हस्तान्तरण | | | | | |
| | *संघीय सरकार* | ३५५,६८१ | ४०७,८५२ | ३७७,८०० | ३९६,६९० | ४१६,५२५ |
| | *प्रदेश सरकार* | २५,८०८ | २७,००० | ४६,८६२ | ४९,२०५ | ५१,६६५ |
| ४ | अन्य आन्तरिक अनुदान | - | - | २,००० | २,२०० | २,४२० |
| | **जम्मा** | **५६७,०७१** | **६५७,४१०** | **७०१,३९२** | **७४३,५७७** | **७८९,३५०** |
| कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशत) | | २०.१४ | १७.९३ | २४.५० | २५.२० | २५.९९ |

उल्लेख गरिएअनुसार प्रक्षेपित आय हासिल गर्नका लागि गाउँपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा परिवर्तन गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा सुधारका लागि सुझाइएका कदमहरु निम्नानुसार छन् :

- नियमित बैठक लगायत अनुगमन कार्यमा संलग्न गराई राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाउने ।
- आर्थिक ऐन थप वस्तुपरक बनाउने ।
- आय अनुमान र आय प्रतिवेदनका लागि तोकिएको ढाँचा व्यवहारमा ल्याउने ।
- सम्पत्ति कर र मालपोत वा भूमिकर असुली व्यवस्था व्यवस्थित गरी कम्प्यूटरीकृत अभिलेख तयार गर्ने ।

- प्राकृतिक तथा नदीजन्य वस्तुको बिक्री दर व्यवहारिक रुपमा निर्धारण गर्ने ।
- घरवहाल कर तथा व्यवसाय करलाई प्रभावकारी कार्यान्वयन गर्ने ।

गाउँपालिकालाई प्राप्त राजस्व अधिकारहरुमध्ये कतिपय अधिकारहरु क्रमिक रुपले परिष्कृत हुँदै आउँदा राजस्व व्यवस्थापनलाई त्यस अनुरुप स्तरोन्नति गर्नुपर्ने देखिन्छ । राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

# अनुसूचीहरु

## अनुसूची १ : सन्दर्भ सामग्रीहरु

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- थाक्रे गाउँपालिकाको आर्थिक ऐन २०७६
- थाक्रे गाउँपालिकाको पार्श्वचित्र, बजेट बक्तब्य तथा कार्यक्रमहरू
- नेपाल सरकारको वजेट वक्तव्य, २०७७।७८
- नेपाल सरकारको आर्थिक ऐन, २०७७
- बागमती सरकारको वजेट वक्तव्य, २०७७।७८
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), आर्थिक वर्ष २०७७/२०७८, नेपाल सरकार
- आर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्य, बागमती प्रदेश सरकार
- आर्थिक वर्ष २०७७/२०७८ का लागि सवारी साधन कर बाँडफाँडको अनुमानित विवरण, बागमती प्रदेश सरकार
- आर्थिक वर्ष २०७७/२०७८ मा नेपाल सरकारबाट स्थानीय तहले प्राप्त गर्ने अनुमानीत रोयल्टी रकम, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम

# तथ्यांक संकलन सूची

**गाउँपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

- संक्षिप्त परिचय
- मुख्य पूर्वाधारको अवस्था
- आर्थिक अवस्था
- सामाजिक, सांस्कृतिक तथा पर्यटकिय अवस्था

**गाउँपालिकाको संगठन तथा राजस्व प्रशासन :**

- संगठन संरचना तथा कर्मचारीको विवरण
- भौतिक सुविधाहरु
- राजस्व शाखा तथा राजस्व प्रशासन
  - राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
  - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
  - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्यभौतिक सुविधाहरु
  - राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
  - कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
- वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

**गाउँपालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरणः**

- विगत तीन आर्थिक वर्षहरु (२०७३/७४, ०७४/७५ र ०७५/७६) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७६/७७) को अनुमानीत/बजेट विवरण र मंसिर मसान्तसम्मको यथार्थ संकलन
- चालु आर्थिक वर्षका लागि गाउँ सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

**अन्य दस्तावेज तथा सूचनाहरु**

- निर्वाचित पदाधिकारीहरुको विवरण
- गाउँ सभाले पारित गरेको आर्थिक ऐन
- राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
- गाउँपालिकाको बस्तुस्थिति विवरण (Profile)
- राजस्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरु

स्रोतः प्रशासन, आर्थिक प्रशासन, राजस्व शाखा

# तथ्यांक संकलन फारम

**स्वामित्व वा भोग चलनमा रहेका जग्गा**

| क्र.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वाबहाल रकम (यदि भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| ख | भोग चलनमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

**स्वमित्वमा रहेका भवन**

| क्र.सं. | स्थान | भवनको विवरण | हालको उपभोग | भाडा वाबहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

**राजस्वमा प्रतक्ष्य आधारित सूचनाहरु**

**ख. भवनसम्बन्धीविवरण**

| क्र.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमाभएको संख्या | औसतबहाल दर |
|---|---|---|---|---|
| १ | व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु<br>*(नोटः व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)* | | | |
| २ | औद्योगिक प्रयोजनका भवन/घरहरु | | | |
| ३ | आवासिय भवन/घरहरु | | | |
| ३.१ | *कच्ची घरहरु (कच्ची जोडाई तथा छाना)* | | | |
| ३.२ | *अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंकिट वा स्टिलको छाना भएका)* | | | |
| ३.३ | *पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)* | | | |
| ३.४ | *पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)* | | | |
| | **जम्मा** | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

**जग्गा सम्बन्धी विवरण**

| क.सं. | जग्गाको किसिम | अनुमानितक्षेत्रफल | औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्र | | | |
| २ | आवासिय क्षेत्र | | | |
| ३ | कृषी क्षेत्र | | | |
| ४ | वन तथा अन्यक्षेत्र | | | |
| **जम्मा** | | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

**सवारी साधन सम्बन्धी विवरण**

| क.सं. | सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा, ई रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

**व्यापार व्यवसाय सम्बन्धीविवरण**

| क.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी |
|---|---|---|---|---|
| १ | उद्योग | | | |
| २ | वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमाआदि) | | | |
| ३ | व्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय | | | |
| ४ | डिलर तथा थोक विक्रेता | | | |
| ५ | अन्य व्यवसायहरु | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय, उद्योग वाणिज्य संघ

**खानीजन्य वस्तुविकी तथा निकासी**

| उत्पादन/उत्खनन स्थल | बस्तुहरु | कुल उत्खनन योग्य परिणाम | विक्रीमुल्य | संभाव्यनिकासी परिमाण |
|---|---|---|---|---|
| | ढुङ्गा | | | |
| | गिट्टी | | | |
| | स्लेट | | | |
| | बालुवा | | | |
| | दहत्तर वह्त्तर | | | |

स्रोत : आर्थिक प्रशासन शाखा, हालको ठेक्का प्रकृया, आईई प्रतिवेदन तथा सरोकारवाला संग छलफल

**जडिबुटी, कवाडी र जिवजन्तु व्यवसायिक उपयोग**

| क.सं. | बस्तुहरु | इकाई | कुल संकलन परिणाम | अनुमानित मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ख. | कवाडी जन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ग. | जिव जन्तु | | | |
| | | | | |

**वहाल विटौरी**

| क.सं. | सम्पत्तिहरु | इकाई | परिमाण | दर |
|---|---|---|---|---|
| क. | भवन तथा कोठाहरु | | | |
| | | | | |
| ख. | मेसिनहरु | | | |
| | | | | |
| ग. | सार्वजनिक सम्पत्ति | | | |
| | | | | |

स्रोत : राजस्व परामर्श समिति, आर्थिक प्रशासन, राजस्व तथा जिन्सी शाखा, वडा कार्यालय

**गाउँपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा**

| क.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थानवा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | | | | |
| ४ | धारा | | | | |
| ५ | अतिथिगृह | | | | |
| ६ | धर्मशाला | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ति | | | | |
| ११ | सार्वजनीक शौचालय | | | | |
| १२ | पार्क | | | | |
| १३ | पौडी पोखरी | | | | |
| १४ | व्यायमशाला | | | | |
| १५ | पर्यटकिय स्थल | | | | |
| १६ | हाट बजार | | | | |
| १७ | पशु बधशाला | | | | |
| १८ | शवदाहगृह | | | | |
| १९ | बसपार्क | | | | |
| २० | अन्य पार्किङ्ग क्षेत्र | | | | |

## अनुसूची ३ : अन्तिम कार्यशाला गोष्ठीमा सहभागीहरूको नामावली

आज मिति २०७७।०४।०५ गते गाउँपालिकाको आयोजनामा [illegible] परियोजनाको सहजीकरण सहयोगमा संचालित राजस्व सुधार कार्ययोजनाको मस्यौदा उपर छलफल कार्यक्रममा निम्न सहभागीहरुको उपस्थिति रह्यो।

उपस्थिति :-

(१) श्री रामकुमार आचार्य - अध्यक्ष
२. श्री अम्बिका कुमारी पौडेल - उपाध्यक्ष
३. श्री रोमकान्त पौडेल - प्र. प्र. अ.
४. श्री विमल पोखरेल - कार्यकारी निर्देशक, [illegible]
५. श्री दामोदर गिरी - सहजकर्ता
६. श्री राज कुमार पौडेल - वडा अध्यक्ष-२
७. श्री गोकुल प्रसाद लामिछाने " -१०
८. श्री केशव प्रसाद [illegible] " ८
९. श्री कुमार विश्वकर्मा
१०. श्री सुशिला सुबेदी गा. पा. सदस्य
११. श्री शर्मिला गिरी (विडारी) गा. पा. सदस्य
१२. श्री अमृता सुनार " " "
१३. दिल बहादुर गुरुङ थाके ९ वडा अध्यक्ष
१४. अमित कुमार घले थाके-३ "
१५. इन्द्र बहादुर थापा थाके-१ "
१६. पूर्ण बहादुर कार्की थाके-६ "
१७. रवि प्रकाश [illegible] थाके ११ अध्यक्ष
१८. गणेश प्रसाद जोशी योजना तथा सुशासन सल्लाहकार
१९. शीला [illegible]
२०. अनुप ढकाल
२१. पवन सुवेदी
२२. रामशरण पौडेल
२३. मनोज थापा सु. प्र. अ.
२४. संगीता सापकोटा आ. ले. प
२५. कविला सापकोटा अधिकृत छैठौं

## अनुसूची ४ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा

**(स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा प्रकाशित को अनुसूची २ बमाजिम)**

**थाक्रे** गाउँपालिका
राजस्व परामर्श समितिको प्रतिवेदन, ..........

**(क) पृष्ठभूमि**

**(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण**

**(ग) राजस्व नीतिहरु**

**(घ) करका आधारहरु**

**(ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दर**

| सि.नं. | राजस्वको क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैरकर राजस्व रकम**

| सि.नं. | राजस्वको क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामी आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(छ) निष्कर्ष तथा सुझावहरु**

(....................)
संयोजक ................
सदस्य ................

**अनुसूची ५ : आ.व. २०७७/०७८ का लागि आर्थिक विधेयक मस्यौदा नमूनाको रूपमा**

**गाउँ सभाबाट स्वीकृत मिति : २०७७।३।१०**

# आर्थिक विधेयक २०७७

थाक्रे गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**थाक्रे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

महादेववेशी, धादिङ, बागमती प्रदेश, नेपाल

# आर्थिक विधेयक २०७७

**प्रस्तावना :** थाक्रे गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थाक्रे गाउँपालिकाका गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि थाक्रे गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको भौतिक संरचना (घर) र त्यसले चर्चेको जग्गामा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची - १ (क) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि जग्गा र घरको मूल्यांकन दर तथा घरको ह्रास कट्टीको दर अनुसूची - १ (ख) मा उल्लेख भए बमोजिम हुनेछ ।

३. **भूमि कर (मालपोत) :** (१) गाउँपालिका क्षेत्रभित्रका जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असूल उपर गरिनेछ । तर दफा (२) बमोजिम सम्पत्ति कर लगाईएको जग्गामा भूमि कर (मालपोत) लगाईने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची - २ मा उल्लेख भएबमोजिम हुनेछ ।

४. **घर जग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाईने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची - ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

५. **व्यवसाय कर :** (१) गाउँपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यबसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असूली गरिनेछ ।

(३) यस दफा बमोजिम लगाइने ब्यावसाय करको दर अनुसूची - ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची - ५ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइनेछैन ।

७. **सवारी साधन कर** : (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची - ६ मा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने डिजिटलबोर्ड, साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची - ७ मा तोकिए बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर** : (१) गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले निर्माण, रेखदेवा वा संचालन गरेका हाटबजार वा पसलमा बहाल विटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूची - ८ मा तोकिए बमोजिम हुनेछ ।

११. **पार्किङ्ग शुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत अनुसूची - ९ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग शुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत अनुसूची - १० मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सडक मर्मत सुधार सेवा शुल्क :** (१) गाउँपालिकाले आफुले निर्माण गरेका वा आफुलाई हस्तान्तरण भई आएका सडकहरुमा संचालन हुने सवारी साधनहरुमा अनुसूची - ११ मा उल्लेख भए बमोजिमको दरमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **वातावरण तथा सरसफाई शुल्क :** (१) गाउँपालिकाले आफुले क्षेत्रभित्रका प्राकृतिक स्रोतको व्यवसायिक रुपमा उपयोग गरेबापत अनुसूची - १२ मा उल्लेख भए बमोजिमको दरमा वातावरण तथा सरसफाई शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **सेवा शुल्क तथा सिफारिस प्रमाणित दस्तुर** : (१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत उपलब्ध गराउने विभिन्न किसिमका सेवा, सिफारिश, प्रमाणित, इजाजत जस्ता प्रशासनीक सेवामा अनुसूची - १३ मा उल्लिखित दरमा शुल्क तथा दस्तुर लगाई असूल उपर गर्नेछ ।

१६. **बिक्री गर्न सक्ने :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य स्थलबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परिक्षणबाट तोकिएको परिमाणमा संकलन हुने ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु अनुसूची - १४ मा उल्लेख भए बमोजिमको दरमा विक्री गरि रकम असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु विक्री गर्दा विक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम विक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सकिनेछ ।

१७. **दण्ड जरिवाना :** (१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तब्य भएको व्यक्ति वा संघसंस्थाले कर्तब्य पालना गाउँको वा गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची - १५ मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्न सक्नेछ ।

१८. **कर छुट :** (१) यस ऐन बमोजिम बार्षिक रुपमा तिर्नुपर्ने कर अनुसूची – १ मा उल्लेख भएको समयसिमा भित्र बुझाएमा सोही अनुसूचीमा उल्लेख भए बमोजिम छुट दिइनेछ तर उल्लेखित बाहेक यस ऐन बमोजिक कर, शुल्क तथा दस्तुर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१९. **कार्यविधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपलिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२०. **प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**अनुसूची -१ (क)**

(दफा २ को उपदफा (२) संग सम्वन्धित)

## सम्पत्ति करको दर

न्यूनतम रु १००/- र सो भन्दा माथी निम्नानुसारको सम्पत्तिकर लाग्ने छ ।

| करयोग्य सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| वीस लाख रुपैयाँसम्म | प्रति लाख रु. १० (रु दश) |
| एक्काइस लाख देखि पचास लाख रुपैयाँसम्म | प्रति लाख रु. १२ (रु बाह्र) |
| एकाउन्न लाख देखि नब्बे लाख रुपैयाँसम्म | प्रति लाख रु. १५ (रु पन्ध्र) |
| एकानब्बे लाख रुपैयाँदेखि एक करोड पचास लाख रुपैयाँसम्म | प्रति लाख रु. २० (रु वीस) |
| एक करोड एकाउन्न लाख रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु. २५ (रु पच्चिस) |
| दुई करोड एक लाख रुपैयाँदेखि तीन करोडरुपैयाँसम्म | प्रति लाख रु.३० (रु तीस) |
| तीर्न करोड एक लाख रुपैयाँदेखि तीन करोड पचहत्तर लाख रुपैयाँसम्म | प्रति लाख रु.४० (रु चालिस) |
| तिन करोड छयत्तर लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु.५५ (रु पचपन्न) |
| पाँच करोड रुपैयाँदेखी माथी | प्रति लाख रु.६५ (रु पैसठी) |

*मुल्यांकन रकमलाई रु लाखमा (round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।*

**नोट :**

- सम्पत्तिकर निर्धारणका लागि सम्पत्ति धनीले तोकीएको ढाँचामा सम्पत्तिको विवरण खुलाई गाउँपालिकाले तोकेको स्थानमा पेश गर्नुपर्दछ ।
- सम्पत्ति धनीले प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ ।
- चालु आ.व.भित्र कर नबुझाउनेले पहिलो वर्षको वक्यौता मा ३० प्रतिशत र दोश्रो वर्ष देखि प्रत्येक वर्ष २० प्रतिशत का दरले जरिवाना थप हुदै जाने छ ।
- सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा दश प्रतिशत छूट दिईनेछ ।
- यस प्रयोजनका लागि सम्पत्ति विवरण लुकाई कर छली गरेको उजुरी परेको र सो सम्वन्धमा छानवीन गर्दा कर छली गरेको ठहर भएमा असुल उपर हुने करको ७५ प्रतिशत जरिवाना लिइने छ । सो जरीवानाको २५ प्रतिशत रकम उजुरीकर्तालाई पुरस्कार स्वरुप प्रदान गरिने छ । उजुरीकर्ताको नाम गोप्य राखिने छ ।

**अनुसूची - १ (ख)**

(दफा २ को उपदफा (३) संग सम्वन्धित)

## जग्गाको मूल्यांकन दर

रष्ट्रिशन पास प्रयोजनका लागि जिल्ला मालपोत कार्यालयले यस गाउँपालिका क्षेत्र भित्रका तोकिएका जग्गाहरुको लागि निर्धारण गरेको न्यूनतम दररेटलाई न्युनतम दररेट कायम गरी जग्गाको मूल्याङकन गरिने छ । न्युनतम नेपाल सरकारबाट तोकिएको मूल्यको दोब्बर मूल्य वा स्थानीय प्रचलित मुल्यलाई अधिकतम मूल्य मानिने छ ।

## घरको मूल्यांकन दर तथा ह्रास कट्टी दर

सम्पत्तिकर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुको मूल्याङकन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहाय अनुसार दर रेटमा नघट्ने गरी मूल्याङकन गरिने छ ।

| सि.नं. | प्रकार | दररेट (प्रति वर्गफिट) | ह्रासकट्टी दर |
|---|---|---|---|
| क | आरसिसि प्रेम स्टक्चर | रु १८००।०० | वार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म |
| ख | सिमेन्टजोडाई ढुङगा वा इटाको गाह्रो र आरसिसि आरसिसि छाना भएको घर | रु १६००।०० | वार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म |
| ग | माटोको जोडाई इटा वा ढुङगाको गाह्रो आरसिसि छाना भएको | रु १२००।०० | वार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म |
| घ | सिमेन्टको जोडाई इटा, ढुङगा वा ब्लकको गाह्रो जस्ताको छानो भएको घर | रु १०००।०० | |
| ङ | माटोको जोडाई इटा, ढुङगाको गाह्रो जस्ताको छानो भएको घर | रु ८००।०० | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| च | सिमेन्टको जोडाई इटा, ढुङगाको गाह्रो टायलको छानो भएको घर | रु ६००।०० | |
| छ | काठको घर | रु ४००।०० | वार्षिक १० प्रतिशतका दरले ९ बर्ष सम्म |

***नोटः माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा वनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।***

सम्पत्ति कर निर्धारणका लागि करदाताले गाँउपालिकाबाट तोकिएको ढाँचामा उल्लेख भएअनुसारका आफ्नो सबै सम्पतिको विवरण खुलाउनु पर्नेछ । विवरण फाराममा उल्लेखित सबै विवरण नखुलाई पेश भएको विवरणमा पछि कुनै थप विवरण खुल्न आएमा वा झुट्टा विवरण पेश गरी सम्पत्ति लुकाएको पाईएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा समावेश गरी कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम वरावर जरिवाना थप गरि कर असुल गरिने छ ।

**अनुसूची - २**

(दफा ३ को उपदफा (२) संग सम्वन्धित)

# भूमी कर (मालपोत)

| जग्गाको किसिम | मालापोत दर (प्रति रोपनी) | | | |
|---|---|---|---|---|
| | **क वर्गमा पर्ने** | **ख बर्गमा पर्ने** | **ग बर्गमा पर्ने** | **घ बर्गमा पर्ने** |
| | पृथ्वी राजमार्गको आसपास ५०० मिटर भित्र पर्ने बाटोले छोएका जग्गाहरु | त्रिभुवन राजपथ र भिमढुङगा लामिडाडा हुँदै धार्के बजार जोडिने वैकल्पिक मार्गमा पर्ने जग्गाहरु | वडास्तरीय कच्चि मार्गले छोएका जग्गाहरु | "क" "ख" र "ग" बर्गमा पर्ने बाहेकका सबै जग्गाहरु |
| अब्बल | रु २५ | रु १५ | रु १० | रु १० |
| दोयम | रु २० | रु १२ | रु ८ | रु ८ |
| सिम | रु १८ | रु १० | रु ५ | रु ५ |
| चार | रु १५ | रु १० | रु ५ | रु ५ |

**नोट :**

- प्रति रसिद न्यूनतम रु २०।- हुनेछ ।
- बक्यौता मालपोत असुली प्रयोजनको लागि पहिलो वर्षको २० प्रतिशत र त्यस पछि थप १० प्रतिशतका दरले जरिवाना लिइने छ भने पौष मसान्त सम्म मालपोत बुझाउनेलाई १० प्रतिशत छुट दिइनेछ । विगतको बक्यौता रकम लाई विगतकै दरमा उल्लेखित जरिवाना सहित असुल गरिनेछ ।
- यस प्रयोजनका लागि जग्गाको झुठ्ठा मुल्यांकन गरी मालपोत छली गरेको उजुरी परेको र सो सम्वन्धमा छानवीन गर्दा मालपोत छली गरेको ठहर भएमा असुल उपर हुने करको ७५ प्रतिशत जरिवाना लिइने छ । सो जरीवानाको १५ प्रतिशत रकम उजुरीकर्तालाई पुरस्कार स्वरुप प्रदान गरिने छ । उजुरीकर्ताको नाम गोप्य राखिने छ ।

## अनुसूची - ३

(दफा ४ को उपदफा (२) संग सम्वन्धित)

# घर जग्गा बहाल करको दर

बहाल रकमको १० प्रतिशत

**नोट :**

- चालु आ.व.भित्र कर नबुझाउनेले पहिलो वर्षको वक्यौता मा ३० प्रतिशत र दोश्रो वर्ष देखि प्रत्येक वर्ष २० प्रतिशत का दरले जरिवाना थप हुदै जाने छ। पौष मसान्त सम्म कर बुझाउने करदातालाई चालु आ.व.को रकममा १० प्रतिशत छुट दिईनेछ।
- यस कर प्रयोजनको लागि झुट्टा विवरण पेश गरेको उजुरी परी सो ठहर भए भएमा बहाल रकमको थप २० प्रतिशत जरिवाना तिर्नुपर्ने छ भने सूचना दिने ब्यक्तिलाई १० प्रतिशत रकम पुरस्कार प्रदान गरीने छ। उजुरी कर्ताको नाम गोप्य राखिने छ।

## अनुसूची - ४

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

# व्यवसाय करको दर

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | **थोक पसल, खुद्रा पसल** | | |
| १.१ | **दैनिक उपभोग्य वस्तु** | | |
| | खाद्यान्न सप्लायर्स | २५००.०० | दुई हजार पाँच सय |
| | आलु प्याज लसुन अदुवा थोक | २५००.०० | दुई हजार पाँच सय |
| | गल्ला थोक | २५००.०० | दुई हजार पाँच सय |
| | खाद्यान्न तथा किराना थोक | २०००.०० | दुई हजार |
| | खाद्यान्न तथा किराना खुद्रा | ८००.०० | आठ सय |
| | भित्री सडकमा रहेका साना किराना पसल | ५००.०० | पाँच सय |
| | खाद्यान्न सामाग्री प्याकेजिङ | १०००.०० | एक हजार |
| १.२ | **डिपार्टमेन्टल स्टोर्स/सुपर मार्केट** | | |
| | डिपार्टमेन्टल स्टोर्स | ५०००.०० | पाँच हजार |
| | सुपर मार्केट | ५०००.०० | पाँच हजार |
| १.३ | **मदिरा पसल** | | |
| | रक्सी, वियरको डिस्ट्रिब्यूटर्स | ७०००.०० | सात हजार |
| | रक्सी, वियरको थोक पसल | ५०००.०० | पाँच हजार |
| | रक्सी, वियरको खुद्रा बिक्री पसल | ३५००.०० | तीन हजार पाँच सय |
| १.४ | **सूर्ती जन्य (धुम्रपान) पसल** | | |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको डिलर पसल | ७५००.०० | सात हजार पाँच सय |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको थोक पसल | ५०००.०० | पाँच हजार |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | २०००.०० | दुई हजार |
| १.५ | **फलफूल पसल** | | |
| | फलफूल पसल थोक | २०००.०० | दुई हजार |
| | फलफूल पसल खुद्रा | १०००.०० | एक हजार |
| १.६ | **तरकारी पसल** | | |
| | तरकारी पसल थोक | २०००.०० | दुई हजार |
| | तरकारी पसल खुद्रा | १०००.०० | एक हजार |
| १.७ | **स्टेशनरी तथा पुस्तक पसल** | | |
| | स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्युटर्स तथा कापी उद्योग | २५००.०० | दुई हजार पाँच सय |
| | स्टेशनरी तथा पुस्तक थोक | २०००.० | दुई हजार |
| | स्टेशनरी तथा पुस्तक खुद्रा | १०००.०० | एक हजार |
| | मुद्रण सामाग्री खरिद बिक्री | १०००.०० | एक हजार |
| १.८ | **गिफ्ट/कस्मेटिक पसल** | | |
| | कस्मेटिक थोक पसल | २०००.०० | दुई हजार |
| | कस्मेटिक खुद्रा पसल | १०००.०० | एक हजार |
| १.९ | **पुजा सामाग्री पसल** | १०००.०० | एक हजार |
| १.१० | **प्लाई तथा ग्लास हाउस** | | |
| | प्लाई हाउस थोक पसल | २५००.०० | दुई हजार पाँच सय |
| | ग्लास हाउस थोक पसल | २५००.०० | दुई हजार पाँच सय |
| | प्लाई तथा ग्लास हाउस थोक पसल | ४०००.०० | चार हजार |

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| | प्लाई हाउस खुद्रा पसल | १५००.०० | एक हजार पाँच सय |
| | ग्लास हाउस खुद्रा पसल | १५००.०० | एक हजार पाँच सय |
| | प्लाई तथा ग्लास हाउस खुद्रा पसल | २०००.०० | दुई हजार |
| **१.११** | **कपडा तथा फेन्सी पसल** | | |
| | कपडा, थोक पसल | २५००.०० | दुई हजार पाँच सय |
| | फेन्सी तथा व्याग थोक पसल | २५००.०० | दुई हजार पाँच सय |
| | कपडा, फेन्सी तथा व्याग थोक पसल दुवै | २५००.०० | दुई हजार पाँच सय |
| | फेन्सी तथा व्याग खूद्रा पसल | १०००.०० | एक हजार |
| | कपडा,  खुद्रा पसल | १०००.०० | एक हजार |
| | कपडा, फेन्सी तथा व्याग खुद्रा पसल | १०००.०० | एक हजार |
| **१.१२** | **धागो, टांक, फस्नर थोक पसल** | | |
| | धागो, टांक, फस्नर थोक पसल | ५००.०० | पाँच सय |
| | धागो, टांक, फस्नर खुद्रा पसल | २००.०० | दुई सय |
| **१.१३** | **इलेक्ट्रोनिक विक्री पसल** | | |
| | मोबाइल कम्पनी सेल्स उपशाखा, डिस्टिव्युटर्स | ५०००.०० | पाँच हजार |
| | गिफ्ट थोक पसल | ३०००.०० | तीन हजार |
| | इलेक्ट्रोनिक खुद्रा पसल | १५००.०० | एक हजार पाँच सय |
| | अडियो, भिडियो क्यासेट पसल | ५००.०० | पाँच सय |
| **१.१४** | **विद्युत सामाग्री पसल** | | |
| | विद्युत सामाग्री थोक पसल | २०००.०० | दुई हजार |
| | विद्युत सामाग्री खूद्रा पसल | १०००.०० | एक हजार |
| **१.१५** | **हार्डवेयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्वल पसल** | | |
| | थोक पसल | १००००.०० | दश हजार |
| | खुद्रा पसल | ५०००.०० | पाँच हजार |
| **१.१६** | **स्टील, आल्मूनियमको भाडा तथा अन्य पसल** | | |
| | भाडा पसल थोक | २५००.०० | दुई हजार पाँच सय |
| | भाडा पसल खुद्रा | २०००.०० | दुई हजार |
| **१.१७** | **फर्निचर्स पसल** | | |
| | फ्लोरिङ तथा फर्निचर्स थोक पसल | ५०००.०० | पाँच हजार |
| | फ्लोरिङ तथा फर्निचर्स खुद्रा  पसल | २०००.०० | दुई हजार |
| **१.१८** | **सुन चांदी पसल** | | |
| | काँचो सुन थोक विक्रेता | १००००.०० | दश हजार |
| | अन्य सून चांदी पसल | ५०००.०० | पाँच हजार |
| **१.१९** | **औषधी व्यवसाय** | | |
| | औषधी डिस्ट्रिव्युटर्स | ४०००.०० | चार हजार |
| | औषधी थोक तथा डिस्ट्रिव्युटर्स | ४०००.०० | चार हजार |
| | औषधी खुद्रा पसल (डाक्टर भएको) | ३०००.०० | तीन हजार |
| | औषधी खुद्रा पसल (डाक्टर नभएको) | २०००.०० | दुई हजार |
| | चस्मा पसल | १०००.०० | एक हजार |
| | निजि अस्पताल | १००००.०० | दश हजार |
| | क्लिनिक तथा ल्याब | २५००.०० | दुई हजार पाँच सय |
| | गैह्र सरकारी अस्पताल | ५०००.०० | पाँच हजार |
| | नर्सिङ्गहोम | ५०००.०० | पाँच हजार |
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | ३०००.०० | तीन हजार |
| | पोली क्लिनिक | ३०००.०० | तीन हजार |
| | प्याथोलोजी (दिसा, पिसाव, रगत आदि जांच) | २०००.०० | दुई हजार |

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| | क्लिनिक | | |
| | अक्युपन्चर, फिजियो थेरापी, स्वास्थ क्लिनिक | १५००.०० | एक हजार पाँच सय |
| | एक्सरे क्लिनिक | १०००.०० | एक हजार |
| १.२० | **दन्त चिकित्सा सेवा** | | |
| | डेन्टल अस्पताल | २५००.०० | दुई हजार पाँच सय |
| | डेन्टल क्लिनिक | २०००.०० | दुई हजार |
| १.२१ | **आयूर्वेदिक औषधी पसल** | | |
| | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी थोक पसल | २०००.०० | दुई हजार |
| | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी खूद्रा | १०००.०० | एक हजार |
| | ग्यास सिलिण्डर खुद्रा विक्रेता | ५००.०० | पाँच सय |
| | ग्यांस सिलिण्डर डिलर सव डिलर | २०००.०० | दुई हजार |
| १.२२ | **एग्रोभेट थोक पसल** | **२०००.००** | **दुई हजार** |
| | एग्रोभेट खूद्रा पसल | १०००.०० | एक हजार |
| २ | **होटल तथा रेष्टुरेन्ट** | | |
| | होटल, लज, रेष्टुरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान्न भण्डार | | |
| | क. बर्ग राजमार्ग आसपासमा रहेका खाना नास्ता र ५ वटा भन्दा माथि लज कोठा भएका ठुला होटल | १००००.०० | दश हजार |
| | ख. बर्गमा राजमार्ग आसपासमा रहेका खाना नास्ता र लज कोठा भएका ठुला होटल | ८०००.०० | आठ हजार |
| | ग. बर्गमा राजमार्ग आसपासमा रहेका यात्रुवाहाक वस तथा सवारिसाधन लाई सेवा प्रदान गर्ने | ५०००.०० | पाँच हजार |
| | घ. बर्गमा मुख्य मार्गमा रहेका खाना तथा खाजा घरहरु | २०००.०० | दुई हजार |
| | ङ. बर्गमा सामान्य स्थानीय व्यक्ति वा समुदायलाई | १०००.०० | एक हजार |
| | हल्का पेय पदार्थ पसल | | |
| | हल्का पेय पदार्थको डिलर | २५००.०० | दुई हजार पाँच सय |
| | हल्का पेय पदार्थको खुद्रा पसल | २५००.०० | दुई हजार पाँच सय |
| ३ | **मोटर तथा मोटर पार्टस** | | |
| ३.१ | **मोटर पाटर्स बिक्री पसल** | | |
| | मोटर पार्ट सामान बिक्री ग्यारेज सहित | ५०००.०० | पाँच हजार |
| | मोटर पार्ट सामान आदी बिक्री | ३०००.०० | तीन हजार |
| | ग्यारेज मात्र | ३०००.०० | तीन हजार |
| ३.२ | **बोडी विल्डर्स सामान बिक्री** | | |
| | बोडी विल्डर्स सामान बिक्री समेत | ५०००.०० | पाँच हजार |
| | बोडी विल्डर्स सामान बिक्री मात्र | ३०००.०० | तीन हजार |
| | बोडी विल्डर्स मात्र | ४०००.०० | चार हजार |
| | स्टीकर बिक्री पसल | १०००.०० | एक हजार |
| ३.३ | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | | |
| | बस, ट्रक, ट्रयाक्टर जिप, कारको डिलर | १५०००.०० | पान्ध हजार |
| | मोटरसाइकल डिलर/इन्धनवाला अटो रिक्सा | ५०००.०० | पाँच हजार |
| | इलेक्ट्रिक साइकल/इलेक्टीक रिक्सा डिलर | १५००.०० | एक हजार पाँच सय |
| | अन्य साइकल/रिक्सा | १०००.०० | एक हजार |
| | रिकण्डिसन हाउस | ३०००.०० | तीन हजार |
| | थोक तथा एजेन्सी एवं खुद्रा | ३०००.०० | तीन हजार |

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| | टायर डिलर | ३०००.०० | तीन हजार |
| | टायर विक्रेता | २०००.०० | दुई हजार |
| | पम्पिङ सेट जेनेरेटर डिलर | ३०००.०० | तीन हजार |
| | मोटर साईकल वर्कसप | १५००.०० | एक हजार पाँच सय |
| | मोटरसाईकल सोरुम | ५०००.०० | पाँच हजार |
| | टायरमर्मत तथा हावाहाल्ने | १०००.०० | एक हजार |
| | पम्पिङ सेट जेनेरेटर विक्रेता | २०००.०० | दुई हजार |
| | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सी | २५००.०० | दुई हजार पाँच सय |
| ३.४ | **पेट्रोलियम पदार्थ** | | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | १००००.०० | दश हजार |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | १००००.०० | दश हजार |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | ५०००.०० | पाँच हजार |
| | ग्यास उद्योग | १०००००.०० | एक लाख |
| | ग्यास सिलिण्डर खुद्रा विक्रेता | ५००.०० | पाँच सय |
| | ग्यास सिलिण्डर डिलर सव डिलर | २०००.०० | दुई हजार |
| ३.५ | **लूब्रिकेसन सेक्सन तर्फ** | | |
| | लूब्रिकेसन डिस्टिव्युटर्स | ३५००.०० | तीन हजार पाँच सय |
| | लूब्रिकेसन थोक पसल | ३०००.०० | तीन हजार |
| | लूब्रिकेसन खूद्रा पसल | २०००.०० | तीन हजार |
| ३.६ | **मर्मत तथा संभार सेवा** | | |
| | लेथ सेक्सन | २५००.०० | दुई हजार पाँच सय |
| | टायर रिसोलिङ | १००००.०० | दश हजार |
| | टायर पन्चर मर्मत | ५००.०० | पाँच सय |
| | ईन्जिन र हेड मर्मत | १५०००.०० | पन्ध्र हजार |
| | डेन्टिङ सेवा र वेल्डिङ सेवा | १००००.०० | दश हजार |
| | पेन्टिङ सेवा | ५०००.०० | पाँच हजार |
| | पम्प सेक्सन मर्मत श्रेणी क | ५०००.०० | पाँच हजार |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन | ५०००.०० | पाँच हजार |
| | वासिङ सेक्सन (बाइक र सानो गाडी) | २०००.०० | दुई हजार |
| | रिक्सा, साइकल मर्मत तथा पार्टस बिक्री पसल | ५००.०० | पाँच सय |
| | अटो र मोटरसाइकल मर्मत | ५०००.०० | पाँच हजार |
| | कमानी पट्टा मर्मत | ५०००.०० | पाँच हजार |
| | रेडियटर मर्मत | २०००.०० | दुई हजार |
| | सिट मेकिंग तथा ग्रिसिंग सेवा | २०००.०० | दुई हजार |
| | टि.भी., डेक, फ्रिज, कम्प्युटर, मर्मत पसल | १०००.०० | एक हजार |
| | मोर्वाइल मर्मत पसल | ५००.०० | पाँच सय |
| | रेडियो, घडी मर्मत पसल | ५००.०० | पाँच सय |
| | अन्य मर्मत पसल | ५००.०० | पाँच सय |
| | सेक्युरिटी रियल कम्पनी सेवा | १०००.०० | एक हजार |
| ४ | **परामर्स तथा कन्सल्टेण्ट सेवा** | | |
| ४.१ | **विशेषज्ञ परामर्स तथा अन्य ब्यवसायीक सेवा** | | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट चिकित्सक | ५०००.०० | पाँच हजार |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | ३०००.०० | तीन हजार |
| | कबिराज | ३०००.०० | तीन हजार |
| | विशेषज्ञ परामर्स तथा ब्यवसायीक सेवा (अन्य) | ५०००.०० | पाँच हजार |

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| ४.२ | **कन्सल्ट्यान्ट सेवा** | | |
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | २०००.०० | दुई हजार |
| | पोली टेक्निकल इन्स्टिच्युट, प्रशिक्षण समेत | ५०००.०० | पाँच हजार |
| | नर्सिङ्ग, सिए.मए.ए. र एच.ए. प्रशिक्षण समेत | ४०००.०० | चार हजार |
| | एजुकेशनल कन्सल्टेन्सी सेवा | २०००.०० | दुई हजार |
| | कम्प्युटर/ईलेक्ट्रोनिक तालिम केन्द्र | १०००.०० | एक हजार |
| | कम्प्यूटर डिजाईनिङ सेवा | १०००.०० | एक हजार |
| | सवारी चालक तालीम केन्द्र | २०००.०० | दुई हजार |
| | भाषा शिक्षा इन्स्टिच्युट, कोचिङ्गसेन्टर | १०००.०० | एक हजार |
| ४.३ | **कानून व्यवसायी** | | |
| | ल फर्म तथा कानून परामर्श सेवा | १०००.०० | एक हजार |
| | लेखापढी फर्म | ५००.०० | पाँच सय |
| ४.४ | **लेखा परीक्षण व्यवसाय तर्फ** | | |
| | लेखा परीक्षण (सि.ए.) | २०००.०० | दुई हजार |
| | लेखा परीक्षण अन्य | १५००.०० | एक हजार पाँच सय |
| ४.५ | **अनुसन्धान सेवा** | | |
| | अनुसन्धानकर्ता | १५००.०० | एक हजार पाँच सय |
| | कम्प्युटर एनालिस्ट तथा प्रोग्रमर | १५००.०० | एक हजार पाँच सय |
| | विमा एजेन्ट | १०००.०० | एक हजार |
| | सर्भेयर | १५००.०० | एक हजार पाँच सय |
| | नोटरी पव्लिक अनुवादक | १५००.०० | एक हजार पाँच सय |
| | पशु चिकित्सक सेवा | १५००.०० | एक हजार पाँच सय |
| | शेयर ब्रोकर | ३०००.०० | तीन हजार |
| | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय | २०००.०० | दुई हजार |
| | पेन्टर | ३०००.०० | तीन हजार |
| | रियल स्टेट व्यवसाय | १००००.०० | दश हजार |
| ५ | **उत्पादन मुलक उद्योग** | | |
| ५.१ | **कृषि जन्य** | | |
| | ठुला | १०००.०० | एक हजार |
| | मझौला | ८००.०० | आठ सय |
| | साना | ५००.०० | पाँच सय |
| ५.२ | **गैर कृषि जन्य** | | |
| | ठुला | ५००००.०० | पचास हजार |
| | मझौला | ३००००.०० | तीस हजार |
| | साना | ३०००.०० | तीन हजार |
| ५.३ | **कृषि तथा पशु आहार उद्योग** | | |
| | पशू आहरा उद्योग | ४०००.०० | चार हजार |
| | पशू आहरा बिक्री केन्द्र | १५००.०० | एक हजार पाँच सय |
| | गाइ/भैसी फर्म | १०००.०० | एक हजार |
| | बंगुर फर्म तथा माछा | १०००.०० | एक हजार |
| | भेडा /बाखा फर्म | १०००.०० | एक हजार |
| | कृषि फर्म | १०००.०० | एक हजार |
| | पंक्षी ५०० सम्म | ५००.०० | पाँच सय |
| | पंक्षी ५०० देखि १००० सम्म | १०००.०० | एक हजार |
| | पंक्षी १००० देखि २५०० सम्म | १५००.०० | एक हजार पाँच सय |
| | पंक्षी २५०० देखि ५००० सम्म | २५००.०० | दुई हजार पाँच सय |

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| | पंक्षी ५००० देखि माथी | ४०००.०० | चार हजार |
| ५.४ | **फलाम कृषि औजार उद्योग** | | |
| | कृषि औजार बिक्री तथा मर्मत केन्द्र (धान, गहु चुटने पिस्ने मेसिन, स्प्रे, ट्याक्टर) (**सामाग्री बिक्री सहित**) | १००००।०० | दश हजार |
| | कृषि औजार बिक्री तथा मर्मत केन्द्र (धान, गहु चुटने पिस्ने मेसिन, स्प्रे, ट्याक्टर) (**मर्मत मात्र**) | ३००।०० | तीन हजार |
| ५.५ | **कृषि तथा बनजन्य उद्योग** | | |
| | स:मिल/प्लाइउड उद्योग | ५०००.०० | पाँच हजार |
| | काठ विक्री डिपो | ४०००.०० | चार हजार |
| | फाईवर र काठको फर्निचर उद्योग/शोरुम | २५००.०० | दुई हजार पाँच सय |
| | फाईवर र काठको फर्निचर शोरुम | २०००.०० | दुई हजार |
| | बेतबांसको उद्योग/व्याम्बो शोरुम | १५००.०० | एक हजार पाँच सय |
| | मादल उद्योग / म्युजिक सेन्टर | १०००.०० | एक हजार |
| ५.६ | **प्लाष्टिक जन्य उद्योग** | **३०००.००** | **तीन हजार** |
| ५.७ | **चप्पल उद्योग** | **३०००.००** | **तीन हजार** |
| ५.८ | **ग्रील उद्योग** | **३०००.००** | **तीन हजार** |
| ५.९ | **साबुन उद्योग** | | |
| | साबुन सर्फ उद्योग ठुला | ६०००.०० | छ हजार |
| | साबुन सर्फ उद्योग मझौला | ४०००.०० | चार हजार |
| | साबुन सर्फ उद्योग साना | ३०००.०० | तीन हजार |
| ५.१० | **जुत्ता उद्योग** | | |
| | जुत्ता उधोग तथा जुत्ताको शोरुम | १५००.०० | एक हजार पाँच सय |
| | जुत्ता/चप्पल पसल | १०००.०० | एक हजार |
| | जुत्ता मर्मत गर्ने | ५००.०० | पाँच सय |
| ५.११ | **घरेलू कूटिर उद्योग** | | |
| | अगर बत्ती उद्योग | ५००.०० | पाँच सय |
| | मैन बत्ती उद्योग | ५००.०० | पाँच सय |
| | टूकी उद्योग | ५००.०० | पाँच सय |
| | अचार उद्योग | २००.०० | दुई सय |
| | अन्य कुटिर उद्योग | २००.०० | दुई सय |
| ५.१२ | **कपडा तथा गार्मेन्ट उद्योग** | | |
| | कपडा उद्योग | ४०००.०० | चार हजार |
| | गार्मेन्ट उद्योग | २५००.०० | दुई हजार पाँच सय |
| | ज्याकेट तथा ब्याग उद्योग | २०००.०० | दुई हजार |
| | होजियारी तथा धागो उद्योग | १५००.०० | एक हजार पाँच सय |
| | सिरक डसना उद्योग/पसल | २०००.०० | दुई हजार |
| | ढाका उद्योग | १०००.०० | एक हजार |
| ५.१३ | **पेय पदार्थ उत्पादन उद्योग** | | |
| | मिनरल वाटर उद्योग | ५०००.०० | पाँच हजार |
| | पिउने पानी सप्लायर्स | १५००.०० | एक हजार पाँच सय |
| | आइस बरफ उद्योग | १५००.०० | एक हजार पाँच सय |
| | आइसक्रीम उद्योग | १०००.०० | एक हजार |
| | सोडा उद्योग | १०००.०० | एक हजार |
| ५.१४ | **भांडा उद्योग** | | |
| | धातु जन्य भाडा उद्योग | २०००.०० | दुई हजार |

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| | प्लाष्टिक जन्य भाडा उद्योग | ५०००.०० | पाँच हजार |
| | टिनको बाकस, बाल्टी, स्टोभ | १५००.०० | एक हजार पाँच सय |
| **५.१५** | **कुटानी, पेलानी मिल** | | |
| | फलावर मिल | १५००.०० | एक हजार पाँच सय |
| | सेलर मिल मात्र | १५००.०० | एक हजार पाँच सय |
| | कुटानी, पिसानी पेलानी मिल (हलर समेत) | १०००.०० | एक हजार |
| | मसला, चिउरा मिल | १०००.०० | एक हजार |
| **५.१६** | **डेरी उद्योग** | | |
| | डेरी उद्योग तथा बिक्री पसल | १०००.०० | एक हजार |
| **५.१७** | **उपभोग्य बस्तू उत्पादन उद्योग** | | |
| | कूकिज/पाउरोटी/नूडल्स /चाउमिन उद्योग | ३०००.०० | तीन हजार |
| | कन्फेक्सनरी उद्योग | २०००.०० | दुई हजार |
| | विस्कूट उद्योग | २०००.०० | दुई हजार |
| | दालमोठ उद्योग | २०००.०० | दुई हजार |
| **५.१८** | **उर्जा मुलक उद्योग** | | |
| | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन | ५०००.०० | पाँच हजार |
| | वायो ग्यास उद्योग | ४०००.०० | चार हजार |
| | सौर्यशक्ति उत्पादन उद्योग | ३०००.०० | तीन हजार |
| | सौर्यशक्ति मर्मत संभार पार्टस् बिक्री सहित | ५०००.०० | पाँच हजार |
| | सौर्यशक्ति मर्मत संभार मात्र | २०००.०० | दुई हजार |
| **५.१९** | **खनिज उद्योग** | **१५०००.००** | **पन्ध्र हजार** |
| **५.२०** | **इटा उद्योग चिम्नी (प्रति इट्टा)** | **०.६०** | **छ पैसा** |
| **५.२१** | **इटा उद्योग सामान्य/डिलर बिक्रेता** | **३००००.००** | **तीस हजार** |
| **५.२२** | **सिमेन्ट उद्योग** | **१०००००.००** | **एक लाख** |
| **५.२३** | **वासिङ प्लान्ट** | **५००००.००** | पचास हजार |
| | फिरफिरे | ३००००.०० | तीस हजार |
| **५.२४** | **कंक्रिट उद्योग** | | |
| | ब्लक (इन्टर लक) भुइमा ओछ्याउने | २००००.०० | बिस हजार |
| | ब्लक (इन्टर लक) गाह्रो लगाउने | १५०००.०० | पन्ध्र हजार |
| | सेनेटरी उद्योग तथा व्यवसाय | ५०००.०० | पाँच हजार |
| | गिट्टी वालूवा आदी संकलन घाटगद्दी तथा बिक्री प्रति ३.मि. | ५००.०० | पाँच सय |
| **५.२५** | **विद्युत पोल** | **५००००.००** | पाचास हजार |
| **५.२६** | **क्रसर उद्योग** | | |
| | ठुला उद्योग | २५००००.०० | दुई लाख पाचास हजार |
| | मझौला उद्योग | १५००००.०० | एक लाख पाचास हजार |
| | साना उद्योग | १०००००.०० | एक लाख |
| **५.२७** | **पर्यटन उद्योग** | | |
| | ट्राभल्स एण्ड टुर | १५००.०० | एक हजार पाँच सय |
| **५.२८** | **सेवा उद्योग** | | |
| | छापाखाना | | |
| | अफसेट प्रेस | २०००.०० | दुई हजार |
| | स्क्रिन प्रिन्ट प्रेस | १५००.०० | एक हजार पाँच सय |
| | लेजर प्रिन्ट प्रेस | १०००.०० | एक हजार |
| **६** | **निर्माण व्यवसाय** | | |
| | निर्माण व्यवसायी | | |

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| | क वर्ग | २५०००.०० | पच्चिस हजार |
| | ख वर्ग | १००००.०० | दश हजार |
| | ग वर्ग | १००००.०० | दश हजार |
| | घ वर्ग | १००००.०० | दश हजार |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता समेत भएको लाई थप | ५०००.०० | पाँच हजार |
| | सटरिङ्ग व्यवसाय | | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएको | ३०००.०० | तीन हजार |
| | सटरिङ्ग सामानमात्र भएको | २०००.०० | दुई हजार |
| | मिक्चर मात्र भएको | १५००.०० | एक हजार पाँच सय |
| | वाटर ड्रिलिङ्ग व्यवसाय मेसिनरी उपकरण भएकोलाई | ५०००.०० | पाँच हजार |
| | ह्युमपाईप | ५००००.०० | पचास हजार |
| ७ | **मिष्ठान्न/क्याटरिङ पसल** | | |
| | मिष्ठन्न/भण्डार | १५००.०० | एक हजार पाँच सय |
| | चिया तथा कफि पसल | ५००.०० | पाँच सय |
| | टेण्ट हाउस | ४०००.०० | चार हजार |
| | क्याटरिङ | ३०००.०० | तीन हजार |
| ८ | **मनोरञ्जन सेवा** | | |
| | सिनेमा हल | १००००.०० | दश हजार |
| | फिल्म डिस्ट्रिव्युटर्स | ५०००.०० | पाँच हजार |
| ९ | **कलरल्याव सेवा** | | |
| | कलरल्याव सेवा | २०००.०० | दुई हजार |
| | भिडियो मिक्सिङ | २०००.०० | दुई हजार |
| | फोटो स्टूडियो सेवा | १०००.०० | एक हजार |
| १० | **संचार सेवा** | | |
| | टेलिफोन, मोवाईल, इन्टरनेट सेवा प्रदायक कम्पनी | १००००.०० | दश हजार |
| | ईन्टरनेट वितरक | ३०००.०० | तीन हजार |
| | टि.भि. च्यानल प्रशारण सेवा | ५०००.०० | पाँच हजार |
| | केबूल च्यानल प्रशारण सेवा | ५०००.०० | पाँच हजार |
| | एफ.एम.प्रसारण सेवा | १०००.०० | एक हजार |
| | पत्रपत्रिका प्रकाशन सेवा | ५००.०० | पाँच सय |
| ११ | **कम्युनिकेशन सेवा** | | |
| | टेलीफोन टावर प्रति थान | ५०००.०० | पाँच हजार |
| | विभिन्न रिचार्ज कार्ड थोक विक्रेता | १०००.०० | एक हजार |
| | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | १५००.०० | एक हजार पाँच सय |
| | कुरियर सेवाको मुख्य कार्यालय | १५००.०० | एक हजार पाँच सय |
| | कुरियर सेवाको शाखा कार्यालय | १०००.०० | एक हजार |
| १२ | **वित्तीय सेवा** | | |
| | बाणिज्य बैंक मुख्य कार्यालय | ५००००.०० | पचास हजार |
| | वाणिज्य बैंक प्रति शाखा कार्यालय | १५०००.०० | पन्ध्र हजार |
| | बिकास बैंक मुख्य कार्यालय | १५०००.०० | पन्ध्र हजार |
| | विकास बैंकप्रति शाखा कार्यालय | १००००.०० | दश हजार |
| | फाइनान्स कम्पनी मुख्य कार्यालय | १५०००.०० | पन्ध्र हजार |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ५०००.०० | पाँच हजार |
| | लघुवित्त कम्पनी मुख्य कार्यालय | ५०००.०० | पाँच हजार |
| | लघुवित्त कम्पनी शाखा कार्यलय | ५०००.०० | पाँच हजार |

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| | विमा कम्पनीहरु मुख्य | ५०००.०० | पाँच हजार |
| | विमा कम्पनीहरु शाखा | २०००.०० | दुई हजार |
| | रेमिट्यान्स तथा मनी एक्सचेन्जर | २०००.०० | दुई हजार |
| | बहुद्धेशिय सहकारी संस्था | १५०००.०० | पन्ध्र हजार |
| | वित्तीय सहकारी (कृषि) संस्था | २०००.०० | दुई हजार |
| | बचत तथा ऋण सहकारी | १००००.०० | दश हजार |
| | महिला विकास सहकारी | २०००.०० | दुई हजार |
| १३ | **सामुदायिक शिक्षालय** | निशुल्क | |
| १४ | **निजी शिक्षालय** | | |
| | माध्यमिक विद्यालय | २०००.०० | दुई हजार |
| | आधारभुत | २०००.०० | दुई हजार |
| | प्राथमिक विद्यालय | १०००.०० | एक हजार |
| | छात्र/छात्रावास | १०००.०० | एक हजार |
| | मन्टेश्वरी तथा शिशू स्याहर केन्द्र | १००.०० | एक सय |
| १६ | **गैह्र सरकारी संस्थाहरु** | | |
| | अन्तराष्ट्रिय संस्था (व्यवसायिक कारोबार गर्ने) | ८०००.०० | आठ हजार |
| | राष्ट्रिय संस्था | ३०००.०० | तिन हजार |
| | स्थानीय संस्था | १०००.०० | एक हजार |
| १७ | **ड्राइक्लिनिङ, सैलुन तथा ब्युटीपार्लर** | | |
| | ब्युटी पार्लर सेवा ब्युटिसियन तालीम सहितको | १०००.०० | एक हजार |
| | ब्युटी पार्लर सेवा | १०००.०० | एक हजार |
| | ब्युटीसियन तालिम सेवा | १०००.०० | एक हजार |
| | सैलून | १५००.०० | एक हजार पाँच सय |
| | ड्राइक्लिनिक सेवा हेवी | १५००.०० | एक हजार पाँच सय |
| | ड्राइक्लिनिक सेवा लाईट | १०००.०० | एक हजार |
| १८ | **साईन वोर्ड आर्ट व्यवसाय** | | |
| | डिजिटल आर्ट व्यवसाय /फ्लेक्स प्रिन्ट व्यवसाय | १५००.०० | एक हजार पाँच सय |
| | अन्य आर्ट | १०००.०० | एक हजार |
| १९ | **पशूबधशाला** | | |
| | पशूबधशाला | ५०००.०० | पाँच हजार |
| | पशूको छाला संकलन तथा बिक्री केन्द्र | ८०००.०० | आठ हजार |
| २० | **माछा, मासु अण्डा बिक्री पसल** | | |
| | रागा मासु | २०००.०० | दुई हजार |
| | खसी/बोका मासु | १०००.०० | एक हजार |
| | बंगुर मासु | १०००.०० | एक हजार |
| | माछा | १०००.०० | एक हजार |
| | कुखुरा | १०००.०० | एक हजार |
| | अण्डा | ५००.०० | पाँच सय |
| २१ | **फूल बिरुवा विक्री पसल** | | |
| | नर्सरी | १०००.०० | एक हजार |
| | फूल बिक्री पसल | ५००.०० | पाँच सय |
| | स्नूकर/पुल हाउस | | |
| | स्नूकर तथा पूल दूवै भएको | १५००.०० | एक हजार पाँच सय |
| | स्नूकर | १०००.०० | एक हजार |
| | पुल हाउस | १०००.०० | एक हजार |
| | जीम हाउस | १५००.०० | एक हजार पाँच सय |

| क्र.सं. | व्यवसायको विवरण | वार्षिक कर | कैफियत |
|---|---|---|---|
| २२ | **हेभिइक्युवमेन्ट तथा अन्य इक्युवमेन्ट** | | |
| | हेभिइक्युवमेन्ट खरिद/बिक्री | ६०००.०० | पाँच हजार |
| | अन्य इक्युवमेन्ट खरिद/बिक्री | ४०००.०० | चार हजार |
| २३ | **कवार्ड खरिद बिक्री** | २०००.०० | दुई हजार |
| २४ | | | |
| | स्पोटर्स समाग्री, बिक्री पसल | १०००.०० | एक हजार |
| | गिफ्ट बिक्री पसल | १०००.०० | एक हजार |
| | खेलौना पसल | ५००.०० | पाँच सय |
| | फोटो फ्रेम पसल | ५००.०० | पाँच सय |
| २५ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | | |
| | सिलाई पसल सटिङ सुटिङ | १५००.०० | एक हजार पाँच सय |
| | सिलाई  पसल | १०००.०० | एक हजार |
| | बुटिक ल्याब्रटोरी | ५००.०० | पाँच सय |
| २६ | **वैदेशिक रोजगार व्यवसाय** | | |
| | वैदेशिक रोजगार व्यवसाय मुख्य कार्यालय | २०००००.०० | दुई लाख |
| | वैदेशिक रोजगार  व्यवसाय शाखा कार्यालय | ५०००.०० | पाँच हजार |
| २७ | **संगित तथा कला केन्द्र सेवा** | | |
| | संगित समाग्री बिक्री पसल | १०००.०० | एक हजार |
| | संगित तथा कला केन्द्र | १०००.०० | एक हजार |
| २८ | **पुरानो कपडा पेल्ने कारखाना** | **२०००** | **दुइ हजार** |
| २९ | माथि उल्लेख हुन छुट भएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उक्त प्रकृतिसंग मेल खाने किसिमको दरमा रु. १०००।- देखि २,००,०००।- सम्म लिने । | | |

**नोट :**

- व्यवसाय कर समयमा नबुझाउने व्यवसायी लाई प्रतिवर्ष २० प्रतिशतका दरले थप जरिवाना लाग्ने छ ।
- महिलाका नाममा दर्ता हुने उद्योग व्यवसायमा लाग्ने दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइने साथै नविकरणमा पनि ५० प्रतिशत छुटको व्यवस्था गरिने छ तर क.स ३, ५.१९, ५.२०, ५.२१, ५.२२, ५.२३, ५.२४, ५.२५, ५.२६, ६, ८, १२, १४, १६, २२ र २६ को हकमा यो छुट लागु हुने छैन ।

# अनुसूची - ५

(दफा ६ संग सम्वन्धित)

## जडिबुटी, कवाडी र जीवजन्तु करको दर

बिक्री मुल्यांकनको १ प्रतिशतले हुने रकम

## अनुसूची - ६

(दफा ७ को उपदफा (२) संग सम्वन्धित)

# सवारी साधन करको दर

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नविकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछ :

| क्र.सं. | सवारीको किसिम | दर्ता तथा इजाजत | वार्षिक कर |
|---|---|---|---|
| १ | अटोरिक्सा | रु.३००।- | रु.५००।- |
| २ | विद्युतीय रिक्सा | रु.३००।- | रु.५००।- |
| ३ | रिक्सा तथा ठेला | रु.२५।- | रु.२५।- |

**अनुसूची - ७**

(दफा ८ को उपदफा (२) संग सम्वन्धित)

## विज्ञापन करको दर

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएका विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिने छ :

| क्र.सं. | विवरण | करको दर (रु.) |
|---|---|---|
| १ | तुल व्यानर प्रति गोटा एक महिनाको लागि | ३६०।०० |
| २ | तुल व्यानर प्रति गोटा १५ दिनको लागि | १८०।०० |
| ३ | वाल पेन्ट प्रति वर्ग फिट | ६।०० |
| ४ | ग्लो साईनवोर्ड, डिपियस वोर्ड प्रति वर्गफिट वार्षिक | ८४।०० |
| **डिजिटल डिस्प्ले प्रकृतिको विज्ञापन प्रति महिना** | | |
| १ | अडियो भिडियो डिस्प्ले १४ इन्च सम्म | २४००।०० |
| २ | अडियो भिडियो डिस्प्ले १४ इन्च भन्दा माथी प्रति इन्च थप | १८०।०० |
| ३ | डिजिटल डिस्प्ले मात्र प्रति वर्ग फूट | १२०।०० |
| ४ | माथी उल्लेखित वाहेकका होर्डिङ वोर्ड तथा पेन्टीङ एवं लेखन प्रति वर्गफुट | १८।०० |

**नोटः**

*(१) गाउँपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ । यस्तो विज्ञापन राखे वापत गाउँपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा (पचास प्रतिशत) हुनेछ ।*

*(२) गाउँपालिकाको इजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रीम सूचना विना हटाउन सक्नेछ ।*

*(३) पसलहरुमा राखिने परिचय पाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साईज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचय पाटिमा विज्ञापन मूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।*

## अनुसूची - ८

(दफा १० को उपदफा (२) संग सम्वन्धित)

## बहाल बिटौरी शुल्कको दर

गाउँ कार्यपालिकाको बैठकले निर्णय गरे अुनशार गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत उपयोगको प्रकृतिहेरी प्रति रनिङ फिट रु. २ देखि रु. २० सम्मको दरले मासिक वहाल विटौरी शुल्क लिइनेछ ।

# अनुसूची - ९

(दफा ११ को उपदफा (१) संग सम्वन्धित)

## सवारी साधन पार्किङ्ग शुल्कको दर

गाउँ कार्यपालिकाले तोकेको क्षेत्रमा सवारी पार्किङ्ग गरे बापत देहाय बमोजिम पार्किङ्ग शुल्क लिईने छ :

| क.सं. | सवारीको किसिम | प्रति दिन रु |
|---|---|---|
| १ | ठुला सवारी साधन जेसिवी, स्काभेटर र टेलर | ३०।०० |
| २ | साना सवारी साधन बस, मिनिबस, ट्रक | २०।०० |
| ३ | ट्याक्टर | १५।०० |
| ४ | हल्का सवारी साधन माइक्रो, कार, जीप अड्डी, पावरटेलर आदी | १०।०० |
| ५ | मोटरसाईकल , स्कुटर | ५।०० |

# अनुसूची - १०

(दफा १२ को उपदफा (१) संग सम्वन्धित)

## ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग शुल्कको दर

क) गाँउपालिका क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्रहरुमा देहाय बमोजिमका शुल्क लाग्नेछ

| सि.नं. | विवरण | स्वदेशी नागरिक | विदेशी नागरिक |
|---|---|---|---|
| १ | व्यक्तिगत प्रवेश | ५।- | ५०।- |
| २ | सामुहिक /पारिवारिक | ५०।- | १५०।- |
| ३ | पार्टि पिकनिक | ३००।- | ५००।- |

ख) क्यानोईङ र्‍याफ्टीङ्ग

| सि.नं. | विवरण | स्वदेशी नागरिक | विदेशी नागरिक |
|---|---|---|---|
| १ | व्यक्तिगत प्रवेश | ५०। | १५०। |
| २ | सामुहिक /पारिवारिक (बढीमा ३ जना) | १५०। | ३५०। |

## अनुसूची - ११

(दफा १३ को उपदफा (१) संग सम्वन्धित)

## सडक मर्मत सुधार सेवा शुल्कको दर

साविक गाउँ विकास समिति र हाल गाउँपालिकाको लगानीमा निर्माण गरिएका स्थानिय पूर्वाधार विशेष गरी ग्रामिण स्तरका सडकहरुमा सो सडक प्रयोग गरे वापत सडक मर्मत शुल्कका सेवा शुल्क लिइनेछ ।

### सेवा शुल्कको दर :

| | | |
|---|---|---|
| क. | ट्रक, मिनी ट्रक, ट्याकटर, मिनि वस आदी ठुला सवारीमा प्रति ट्रिप | रु २००।- |
| ख. | कार, जिप आदी साना सवारीमा प्रति ट्रिप | रु १००।- |

# अनुसूची - १२

(दफा १४ को उपदफा (१) संग सम्वन्धित)

## वातावरण तथा सरसफाई शुल्कको दर

| सि.नं. | ईट्टा बिक्री ढुवानी बापत | प्रति टिपर, दर |
|---|---|---|
| १ | १० पाग्रे सवारी साधन | १०५० |
| २ | ६ पाग्रे सवारी साधन | ५०० |
| ३ | ४ पाग्रे सवारी साधन | २०० |

## अनुसूची - १३

(दफा १५ को उपदफा (१) संग सम्वन्धित)

# सेवा शुल्क तथा दस्तुरको दर

| सि.नं. | सेवाको किसिम | प्रस्तावित दर दर (रु.) |
|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | १०००।- |
| २ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | २००।- |
| ३ | अचल सम्पत्ति मूल्याकंन | ०.१ प्रतिशत |
| ४ | आय श्रोत प्रमाणित | ०.१ प्रतिशत |
| ६ | रकम कलम उठाई दिएवापत | २ प्रतिशत |
| ७ | नागरिकता सर्जमिन मुचुल्का शुल्क | २००।- |
| ९ | अन्य सवैखाले निवेदन फारामहरु प्रतिगोटा | २०।- |
| १० | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | ५००।- देखी १०००। -सम्म |
| ११ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | १००।- |
| १२ | टो.वि.स. दर्ता शुल्क/नविकरण | २००।- |
| १३ | स्थलगत प्राबिधिक सेवा शुल्क | २०००।- |
| १४ | घर निर्माणमा लाग्ने पुर्वाधार शुल्क | २०००।- |
| १५ | कृर्षि तथा पशुपंछि जन्य व्यवसाय दर्ता सर्जमिन | २००।- |
| १६ | व्यापार व्यवसायको ठाउँसारी उदेश्य थप, पुँजी बृद्धि, नाम संशोधन, नामसारी, कारोबार बन्द | ५००।- (प्रत्येक शिर्षकमा) |

### विभिन्न प्रमाणित तथा सिफारीस दस्तुर

| सि.नं. | सेवाको किसिम | प्रस्तावित दर |
|---|---|---|
| १ | घरवाटो साँध सिमाना प्रमाणित | २५०।- |
| २ | घरवाटो साँध सिमाना प्रमाणित सर्जमिन गर्नु परेमा | ५००।- |
| ३ | नागरिकता प्रमाणपत्रको सिफारिस | १००।- |
| ४ | जग्गा नामसारी सिफारिस | ५००।- |
| ५ | नाम, थर संशोधन सिफारिस | ५००।- |
| ६ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | २५००।- |
| ७ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | १५००।- |
| ८ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा | २००।- |
| ९ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा | १००।- |
| १० | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर | १०००।- |
| ११ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | २०००।- |
| १२ | विद्युत जडानको सिफारिस दस्तुर | ३००।- |

| सि.नं. | सेवाको किसिम | प्रस्तावित दर |
|---|---|---|
| १३ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | ३००।- |
| १४ | बैदेशिक रोजगारको लागि सिफारिस | १०००।- |
| १५ | परिवार ल्याएको/लगेको सिफारिस | १०००।- |
| १६ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | २०००।- |
| १७ | नाता प्रमाणित दस्तुर | ३००।- |
| १८ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | २०००।- |
| १९ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २००।- |
| २० | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | १०००।- |
| २१ | निजी विद्यालय सञ्चालनको सिफारिस | १००००।- |
| २२ | निजी विद्यालय कक्षाथपको सिफारिस | ३०००।- |
| २३ | मोही नामसारी सिफारिस | १०००।- |
| २४ | सम्बन्ध विच्छेदको सिफारिस | १०००। |
| २५ | ठुला उद्योग स्थापनाको सिफारिस | ३०,०००।- |
| २६ | मझौला उद्योग स्थापनाको सिफारिस | २०,०००।- |
| २७ | साना तथा घरेलु उद्योगको सिफारिस | १,०००।- |
| २८ | रुख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) | २००।- |
| २९ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | १५०।- |
| ३० | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००।- |
| ३१ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | १०००।- |
| ३२ | अपुताली सिफारिस (नेपालको लागि) | १०००।- |
| ३३ | अपुताली सिफारिस (विदेशको लागि) | ५०००।- |
| ३४ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यू, विवाह, वसाई सराई तथा सम्बन्ध विच्छेद) प्रमाणित तथा सिफारिस | ३५ दिन सम्म : निशुल्क<br>३५ दिन पछि रु ५० |
| ३५ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २००।- |
| ३६ | बैदेशिकको हकमा प्रति डकुमेन्ट (एकमुस्ठ) | १५००।- |
| ३७ | प्रमाणीकरण दस्तुर | ४००।- |

**नोटः**

- आर्थिक सहायता, छात्रवृत्ति, विपन्न, विपद्, अपाङ्ग तथा राज्यले तोकेका गम्भिर प्रकृतिका रोग सम्बन्धि सिफारिस निशुल्क गरिनेछ ।
- गाउँपालिकामा दर्ता भएका व्यवसायको पान नम्बर दर्ता सिफारिस निशुल्क गरिनेछ ।
- शिक्षा, स्वास्थ्य र कृषि विकास सँग सम्बन्धित सिफारिस निशुल्क गरिनेछ ।
- न्यायिक समिति सम्बन्धि आपतकालिन घटनाको घटना सिफारिस निशुल्क गरिनेछ ।

### चार किल्ला प्रमाणित

| जगगाको क्षेत्रफल | राजमार्गको ५ सय मिटर भित्र | अन्य क्षेत्र |
|---|---|---|
| बाटो चार किल्ला प्रमाणित | रु. २५०।- | रु. १००।- |

### घर नक्सा पास दस्तुर

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | नक्सापास निवेदन फारम दस्तुर | रु.५००।- |
| २. | पक्का घर समेत प्रति वर्गफिट दस्तुर | |
| क. | पक्का घर प्रति वर्गफिट दस्तुर( पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ को १०० मिटर दाया बाया तथा सटर भएको घर) | रु.१०।- |
| ख. | पक्का घर अन्य बाटोमा प्रति वर्गफिट दस्तुर | रु. ५।- |
| ३. | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | रु. २०००।- |
| ४. | गाउँपालिका हुनु भन्दा अगाडी निर्माण गरेको नक्सापास गर्दा (मापदण्ड अनुरुप निर्माण भएको भएमा मात्र) प्रति वर्ग फिट (अभिलेखिकरण) | |
| क | पक्का घर प्रति वर्गफिट दस्तुर( पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ को १०० मिटर दाया बाया तथा सटर भएको घर) | रु.१०।- |
| ख | पक्का घर अन्य बाटोमा प्रति वर्गफिट दस्तुर | रु. ५।- |
| ५ | राजमार्ग आसपासका व्यवसायिक टहरा प्रति बर्ग फिट | रु ५।- |
| ६ | अन्य टहरा प्रति बर्ग फिट | रु ३।- |
| ७ | धर नक्सा नामसारी (एकाघर नभएमा) प्रति बर्ग फिट | रु.३।- |
| ८. | घर नक्सा नामसारी पक्की (एकाघर) | रु १०००।- |

**अनुसूची - १४**

(दफा १६ को उपदफा (१) संग सम्वन्धित)

# बिक्रीको दर

| सामग्रीहरु | **दर रु** (प्रति घन फिट) | |
|---|---|---|
| | **संकलन** | **बिक्री** |
| ढुङ्गा, चुनढुङ्गा, गिट्टी, वालुवा, स्लेट र रोडा | रु ३।०० | रु ६।०० |
| माटो तथा क्रसरको धुलो | रु ०।५० | रु २।०० |
| ग्राभेल | रु १।५० | रु ३।०० |

# अनुसूची - १५

(दफा १७ को उपदफा (१) संग सम्वन्धित)

## दण्ड जरिवानाको दर

| क.सं. | कसूर | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा बिक्रीको अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले सम्झौतामा उल्लेख गरिएको परिमाणभन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन वा बिक्री गरेमा | उत्खनन् भएको परिमाण जफत गरी प्रति घन फिट रु १५ जरिवाना |
| २ | नक्सा पास नगरी निर्माण कार्य गरेमा | रु. ३,००० |
| ३ | जथाभावी फोहोर मैला निष्काशन गरेमा | पहिलो पटक रु. २००<br>त्यसपछि हरेक पटक दोब्बर रु. ५०,००० सम्म |
| ५ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | व्यवसायको प्रकृतिहेरी उक्त व्यवसायको वार्षिक करको दोब्बर बराबरले हुने रकम |
| ६ | गाउँपालिकाले निषेध गरेका कृयाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निणर्य गरे बमेजिम रु. १,००,००० सम्म |